# सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८१/८२

बागमती  प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

हेटौंडा, नेपाल

# सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८१/८२

(माननीय मन्त्रिस्तरबाट मिति २०८१/०४/१७ मा स्वीकृत)

बागमती  प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

हेटौंडा, नेपाल

## विषयसूची

**१.पूर्ण संस्थागत सुत्केरी आयोजना** १

१.१ प्रसूति केन्द्रमा आवश्यक औजार उपकरणको खरिद तथा व्यवस्थापन २

१.२ प्रसूति केन्द्रको लागि OXYTOCIN राख्नको लागि ILR FRIDGE को खरिद तथा व्यवस्थापन ३

१.३ प्रसूति केन्द्रको प्रतिक्षालय स्थापना तथा सञ्चालन ४

१.४ प्रसूति केन्द्रमा टायलिङ्ग एवम् मर्मत सम्भार ६

१.६ कार्यक्रम लागू भएका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफका लागि SBA तालिम ७

१.५ प्रसूति केन्द्रलाई वातानुकुल बनाउने (२४ घण्टा पानी, AC, WASHING MACHINE) ८

१.७ स्वास्थ्यकर्मीहरुलाई OBSTETRIC FIRST AID र प्रसुतिकेन्द्रमा कार्यरत नर्सिङ स्टाफहरूलाई क्लिनिकल अपडेट तालिम ९

१.८ प्रसूति केन्द्रमा कार्यरत नर्सिङ स्टाफहरुलाई LARC METHOD सम्बन्धी तालिम १०

१.९ स्थानीय तहका मेयर/उपमेयर, प्रशासकीय अधिकृत लागायत सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी जिल्लास्तरीय पैरवी गोष्ठी ११

१.१० वडा अध्यक्ष, वडा सदस्य लागायत वडा स्तरका सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी पैरवी गोष्ठी १२

१.११ स्वास्थ्य आमा समूहहरुलाई पूर्ण संस्थागत सुत्केरी सम्बन्धी अभिमुखीकरण कार्यक्रम १४

१.१२ संस्थागत सुत्केरी सम्बन्धि तथ्याङ्क संकलन र अवस्था विश्लेषण गर्ने १६

१.१३ कार्यक्रम व्यवस्थापन, अनुगमन, मेन्टोरीङ्ग १७

**२. शहरी स्वास्थ्य कार्यक्रम** १९

२.१ परिक्षणको लागि आवश्यक सामग्री २०

२.२ स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना - व्यायामशाला २१

२.३ स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना - कोठा सबलीकरण (COUNSELLING ROOM) २२

२.४ प्रयोगशाला सबलीकरण २३

२.५ प्रयोगशालाका लागि औजार, उपकरण २५

२.६ अभिमुखीकरण (प्रदेश तह, स्थानीय तह, प्रादेशिक अस्पतालहरू) २६

२.७ OCCUPATIONAL HEALTH प्रवर्द्धन कार्यक्रम २६

२.८ समुदायमा आधारित जनचेतनामूलक कार्यक्रम २८

२.९ समुदायमा आधारित स्वास्थ्य परीक्षण कार्यक्रम २९

२.१० VIA तालिम ३१

२.११ धुम्रपान मद्यपान विस्थापनका लागि युवा क्लबको परिचालन ३२

२.१२ मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम ३३

२.१३ व्यवहार परिवर्तन सञ्चार ३५

२.१४ मानसिक रोग र नसर्ने रोगको अध्ययन अनुसन्धान ३६

२.१५ योग/व्यायाम सम्बन्धी कक्षा सञ्चालन ३७
२.१६ नसर्ने रोगको समयमै परिक्षण कार्यक्रमः औजार उपकरण सहितको मेडिकल भ्यान खरिद ३८
**अनुसूची-१ः नसर्ने रोग रोकथाम र न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्धन सम्बन्धी जिल्लास्तरीय समन्वय समिति ३९**

**कार्यक्रम सञ्चालन गर्दा मूलतः कार्यालय प्रमुख, स्वास्थ्य महा/शाखा प्रमुख, लेखा प्रमुख तथा कार्यक्रमको लागि तोकिएको फोकल पर्सनले ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुराहरू:**

१. यस मन्त्रालबाट जारी गरिएको आर्थिक वर्ष २०८१/८२ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

२. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नुपूर्व यस मार्गदर्शनको राम्ररी अध्ययन गर्नुपर्दछ र कार्यक्रम सञ्चालन गर्दा सोको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

३. यस मार्गदर्शनमा उल्लेखित कुराहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने/गराउने जिम्मेवारी कार्यालय प्रमुख तथा महा/शाखा प्रमुखको हुनेछ। कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

४. कार्यक्रम शुरु गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ताको विस्तृत विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी र आदेश स्वीकृत भएपश्चात् मात्र कार्यक्रम सञ्चालन गर्नु/गराउनुपर्नेछ।

५. विभिन्न शिर्षकअन्तर्गत स्थानीय तहबाट संकलन गर्नुपर्ने विवरण तथा सूचीहरु (औजार उपकरण, औषधी, तालिम लगायत) कार्यक्रमको तयारीको सिलसिलामा प्रथम त्रैमासिक भित्रै एकिकृत रुपमा गर्नुपर्नेछ।

६. विगतका आर्थिक वर्षहरुमा महालेखा परीक्षकले औंल्याएका सुझावहरूलाई समेत ध्यानमा राखी खर्च गर्दा मितव्ययिता कायम गर्नुपर्नेछ ।

७. स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरूले मासिक, त्रैमासिक र वार्षिक योजना बनाई सम्बन्धित तालुक निकायमार्फत मन्त्रालयमा पठाउनुपर्नेछ।

८. स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरूमा मासिक समीक्षा बैठक अनिवार्य गर्नुपर्नेछ। उक्त समीक्षा बैठकमा गत महिनाको कार्य प्रगति समीक्षा र आगामी महिनाको कार्ययोजना छलफल गरी मासिक कार्ययोजना तयार गर्नुपर्नेछ। यसरी तयार भएको कार्ययोजना तालुक निकाय र मन्त्रालयमा महिनाको सात गतेभित्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ र सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ।

९. खरिद तथा निर्माणसँग सम्बन्धित कार्य गर्दा खरिद गर्नुपर्ने सामग्रीहरूको विज्ञसँग समन्वय गरी स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। निर्माण कार्यको हकमा नक्सा डिजाइन समेत तयार गरी स्वीकृत गराई मात्र कार्यान्वयन गर्नुपर्नेछ। सम्भव भएसम्म सरकारी निकायको विज्ञता प्रयोग गर्नुपर्नेछ ।

१०. मन्त्रालय मातहतका निकायहरूले कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति प्रमाणित गरी त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा तालुक निकाय र मन्त्रालयमा पठाउनुपर्नेछ। स्वास्थ्य निर्देशनालयले जनस्वास्थ्य कार्यालयहरू, भौतिक तथा वित्तीय प्रगति सङ्कलन एवं एकत्रित (COMPILE) गरी मन्त्रालयमा पठाउनुपर्नेछ।

११. मासिक प्रतिवेदन तोकिएको ढाँचामा महिनाको ७ गतेभित्र मन्त्रालय र निर्देशनालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१२. गोष्ठी, तालिम, सेमिनार जस्ता कार्यक्रम सञ्चालन गर्ने स्थानको छनौट गर्दा आवश्यकता र औचित्यलाई पुष्ट्याइँ गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ।

१३. तालिम अनुशिक्षण अभिमुखिकरण कार्यमक्रहरु संचालन गर्दा सम्भव भएसम्म कार्यालयको कार्यक्रमसँग सम्बन्धित फोकल पर्शन तथा बिधागत विज्ञहरुलाई सहजकर्ता/प्रशिक्षकको रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

१४. यस मन्त्रालयबाट विनियोजित बजेटको सम्बन्धमा यस मार्गदर्शनमा उल्लेख हुन छुट भएका र कुनै विषयमा स्पष्ट गर्नुपर्ने भएमा मन्त्रालयबाट आवश्यकतानुसार निर्णय गरी परिपत्रको रूपमा पठाइनेछ।

१५. कार्यक्रमको योजना गर्नुपुर्व बिगतमा समान किसिमका कार्यक्रमहरु सोहि संस्थामा/स्थानमा लागू भएनभएको यकिन गरि आवश्यकता र औचित्यको आधारमा निर्णय गरेर मात्र गर्ने र कुनै पनि हालतमा दोहोहोपना नहुने गरि गर्ने।

१६. यस मार्गदर्शनमा उल्लेख भएको र PLMBIS मा भएको लक्ष्य ,बजेट, इकाइ आदि फरक पर्न गएमा यसै मार्गदर्शनलाई आधार मानेर कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१७. हरेक कार्यक्रमपश्चात तथ्याङ्कसहितको प्रतिवेदन तयार गर्नुपर्नेछ र कार्यक्रमसँग सम्बन्धित Case Study/Success Study त्रैमासिक रुपमा तयार गरी तालुक निकायमा पठाउनुपर्नेछ।

१८. कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै समस्या वा बाधा अड्चन फुकाउनु परेमा यस मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ र कार्यक्रमबारे थप जानकारी आवश्यक भएमा कार्यक्रमसँग सम्बद्ध यस मन्त्रालय अन्तर्गतका फोकल पर्सनसँग सम्पर्क गर्न सकिनेछ ।

१९. यस मार्गदर्शनमा अन्यत्र जेसुकै लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन २०७६), प्रदेश सार्वजनिक खरिद नियमावली २०८०, प्रदेश भ्रमण खर्च नियमावली २०७७, प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७८, प्रदेश सार्वजनिक खर्च मापदण्ड २०७८, प्रदेश विनियोजन ऐन, २०८० बमोजिम (कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भए सोबमोजिम) गर्नुपर्नेछ।

## १.पूर्ण संस्थागत सुत्केरी आयोजना

**आयोजना लागू हुने स्थानः** बागमती प्रदेश अन्तर्गतका देहायका ११ जिल्लाका २४ स्थानीय तहहरुमा यो परियोजना लागू हुनेछ।

सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा स्वास्थ्य मन्त्रालय बागमती प्रदेशले उपलब्ध गराएको निर्देशिका/मार्गदर्शन अनुरुप प्रत्येक स्थानीयतह अनर्तगतका स्वास्थ्य संस्था छनौट लगायत अन्य क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ।

देहायः

| क्र.सं. | जिल्लाको नाम | स्थानीय तहको संख्या | स्थानीय तहको नाम |
|---|---|---|---|
| १. | दोलखा | ३ | गौरीशङ्कर गाउँपालिका, बैतेश्वर गाउँपालिका, मेलुङ्ग गाउँपालिका |
| २. | सिन्धुपाल्चोक | १ | सुनकोशी गाउँपालिका |
| ३. | रसुवा | २ | आमाछेदिङ्गमो गाउँपालिका, उत्तरगया गाउँपालिका |
| ४. | धादिङ्ग | १ | सिद्धलेक गाउँपालिका |
| ५. | नुवाकोट | ३ | तारकेश्वर गाउँपालिका, पन्चकन्या गाउँपालिका, लिखु गाउँपालिका |
| ६. | ललितपुर | ३ | बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका, महांकाल गाउँपालिका |
| ७. | काभ्रेपलाञ्चोक | २ | भुम्लु गाउँपालिका, रोशी गाउँपालिका |
| ८. | रामेछाप | २ | दोरम्बा गाउँपालिका, लिखु गाउँपालिका |
| ९. | सिन्धुली | ३ | फिक्कल गाउँपालिका, घ्याङ्गलेख गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका |
| १०. | मकवानपुर | ३ | ईन्द्रसरोवर गाउँपालिका, राक्सिराङ्ग गाउँपालिका, मनहरी गाउँपालिका |
| ११. | चितवन | १ | ईच्छाकामना गाउँपालिका |

## १.१ प्रसूति केन्द्रमा आवश्यक औजार उपकरणको खरिद तथा व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजार) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.९.१४९ | ३११२२ | २४ | वटा | १४९४५ | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यक्रम सञ्चालन भएका स्थानीय तहका प्रसूति केन्द्रहरुबाट आवश्यक प्रसूति सेवा उपलब्ध गराउने । |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहको सहकार्यमा प्रसूति केन्द्रको सूची तयार गर्ने र कार्यक्रम कार्यान्वयनको लागि प्रसूति केन्द्रहरुलाई प्राथमिकीकरण गर्ने।<br>२. सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा, फोकल पर्सन र स्वास्थ्य संस्थासँगको समन्वयमा प्राथमिकतामा परेका प्रसूति केन्द्रका लागि प्रसूति केन्द्रमा मौजुदा औजारउपकरणको अवस्था विश्लेषण गरी अन्य स्रोतसँग दोहोरो नहुने गरी आवश्यक औजार उपकरणको विवरण तयार गर्ने।<br>३. “आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका-२०७८ बमोजिम औजार उपकरण तथा सामग्रीहरुलाई आधार बनाई बजेटको परिधिभित्र रही प्राथमिकताक्रम निर्धारण गरी खरिद योजना तयार गर्ने।<br>४. आवश्यक औजार तथा उपकरणहरुको स्पेसीफिकेसन तयार गर्ने।<br>५. औजार उपकरणको स्पेसिफिकेसन स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त गरी प्रयोग गर्न सकिने।<br>६. अन्य शिर्षकबाट खरिद गर्न तोकिएका उपकरणहरु यस शिर्षकबाट खरिद नगर्ने।<br>७. प्रचलित नियमानुसार खरिद कार्य सम्पन्न गर्ने।<br>८. खरिद गरिएको सामाग्रीलाई सम्बन्धित संस्थामा वितरण गरी सञ्चालनमा ल्याउने।<br>९. प्रति गाउँपालिकामा १ भन्दा बढि प्रसूति केन्द्रका लागि खर्च गर्न सकिने । |
| कार्यान्वयन गर्ने निकाय | |

| क्र. स. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय धादिङ | १ | ६२० |
| २. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ३ | १८६० |
| ३. | जनस्वास्थ्य कार्यालय रसुवा | २ | १३०५ |
| ४. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | १ | ६२० |
| ५. | जनस्वास्थ्य कार्यालय दोलखा | ३ | १८६० |
| ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | २ | १२४० |
| ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | २ | १२४० |
| ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | १८६० |
| ९. | जनस्वास्थ्य कार्यालय चितवन | १ | ६२० |

| | |
|---|---|
| | १०. जनस्वास्थ्य कार्यालय सिन्धुली \| ३ \| १८६० <br> ११. जनस्वास्थ्य कार्यालय ललितपुर \| ३ \| १८६० |
| अपेक्षित उपलब्धि | कार्यक्रम सञ्चालन भएका स्थानीय तहका प्रसुति केन्द्रहरुबाट आवश्यक प्रसूति सेवा उपलब्ध भई संस्थागत सुत्केरी गराउने संख्यामा वृद्धि भएको हुनेछ । |
| बजेट बाँडफाँट | नेपाल/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन, नियम, मापदण्ड अनुसार बजेटको परिधिभित्र रही खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.२ प्रसूति केन्द्रको लागि Oxytocin राख्नको लागि ILR Fridge को खरिद तथा व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.९.१५१ | ३११२२ | जिल्लानुसार | वटा | ४१३० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय प्रसूति सेवा प्रवाहका लागि Oxytocin को तोकिए अनुसार तापक्रम कायम गर्ने। |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहको सहकार्यमा प्रसूति केन्द्रहरुको सुची तयार गरी ILR Fridge नभएका प्रसूति केन्द्रहरुको प्राथमिकीकरण गर्ने । <br> २. सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा, फोकल पर्सन र स्वास्थ्य संस्थाको समन्वयमा प्राथमिकतामा परेका प्रसूति केन्द्रहरुमा ILR Fridge को उपलब्धतालाई मध्यनजर गरी अन्य स्रोतसँग दोहोरो नहुने गरी आवश्यक ILR Fridge खरिदका लागि योजना तयार गर्ने। <br> ३. औजार उपकरणको स्पेसिफिकेसन स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त गरी प्रयोग गर्न सकिनेछ। <br> ४. प्रचलित नियमानुसार खरिद गर्ने। <br> ५. खरिद गरिएका औजार तथा उपकरणहरुको गुणस्तर सुनिश्चितता गर्ने। <br> ६. खरिद गरिएका औजार तथा उपकरणहरुको यसै आर्थिक वर्षमा प्रयोग गर्ने गरी खरिद योजना कार्यान्वयन गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | क. स. \| कार्यालयको नाम \| लक्ष्य \| जम्मा बजेट (रु. हजारमा) <br> १. \| जनस्वास्थ्य कार्यालय धादिङ \| ३ \| २१० <br> २. \| जनस्वास्थ्य कार्यालय नुवाकोट \| ७ \| ४९० <br> ३. \| जनस्वास्थ्य कार्यालय रसुवा \| ५ \| ३५० <br> ४. \| जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक \| ३ \| २१० <br> ५. \| जनस्वास्थ्य कार्यालय दोलखा \| ७ \| ४९० |

| | | | |
|---|---|---|---|
| ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ५ | ३५० |
| ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | ५ | ३५० |
| ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ७ | ४९० |
| ९. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | २१० |
| १०. | जनस्वास्थ्य कार्यालय सिन्धुली | ७ | ४९० |
| ११. | जनस्वास्थ्य कार्यालय ललितपुर | ७ | ४९० |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | गुणस्तरीय प्रसूति सेवा प्रवाहका लागि ILR Fridge उपलब्ध भई Oxytocin को तोकिएअनुसार तापक्रम कायम भई सेवा प्रदान भएको हुनेछ। |
| बजेट बाँडफाँट | प्रचलित नियमानुसार बजेटको परिधिभित्र रहि खर्च रकम बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.३ प्रसूति केन्द्रको प्रतिक्षालय स्थापना तथा सञ्चालन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू.हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१५४६ | २२५२२ | जिल्लानुसार | वटा | २४४५५ | प्रथम, दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रसूति प्रतिक्षालय केन्द्रको स्थापना भई प्रसूति सेवा लिन आउने सेवाग्राहीहरुलाई सहजीकरण गर्ने। |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम कार्यान्वयनमा रहेका स्थानीय तहको सहकार्यमा प्रसूति केन्द्रहरू/बर्थिङ सेन्टरहरुको सूची तयार गर्ने ।<br>२. धेरै जनसङ्ख्यालाई पायक पर्ने प्रसूति केन्द्र तथा विगत वर्षहरूको संस्थागत सुत्केरी गराइएको संख्याको ट्रेन्ड विश्लेषण गरी कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको सहकार्यमा आवश्यकता र औचित्यको आधारमा स्वास्थ्य संस्था छनोट गर्ने ।<br>३. छनोट भएका स्वास्थ्य संस्थामा पूर्ण संस्थागत प्रसूति प्रोत्साहनका लागि प्रसूति प्रतिक्षालय (Maternity Waiting Home) को व्यवस्थापन गर्नुपर्नेछ। सम्भव भएसम्म प्रसूति केन्द्रमा कोठा व्यवस्थापन गर्नुपर्नेछ। प्रसूति केन्द्रमा उपलब्ध कोठा वा स्पेसलाई पार्टिसन गरी समेत व्यवस्थापन गर्न सकिनेछ।<br>४. यसका लागि अलग्गै संरचना निर्माण गर्नुपरेमा वा माथि उल्लिखित कार्यका लागि बजेट अपुग भएमा स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको स्रोत मार्फत व्यवस्थापन सकिनेछ।<br>५. बजेटको परिधिभित्र रही प्रसूति प्रतिक्षालय सञ्चालनका लागि देहाय बमोजिमका सामग्रीहरु लगायत अन्य आवश्यक सामग्रीहरुको सूची तयार गरी नियमानुसार खरिद गर्नुपर्नेछ।<br>**देहायः** |

| | |
|---|---|
| | क.सं. / सामग्रीको नाम / परिमाण / कैफियत तालिका तल |

| क.सं. | सामग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | बेड | २ सेट | |
| २. | बेड म्याट्रेस, पिल्लो, सिरक/बल्याङकेट | २ सेट | |
| ३. | पिल्लो कभर, बेडसिट | ४ सेट | |
| ४. | ग्याँस सहितको चुलो | १ थान | |
| ५. | किचेन सेट (खाना पकाउने, खाने भाँडाकुँडा) | १ सेट | |
| ६. | किचेन रयाक | १ वटा | |
| ७. | बाटा, बाल्टिन, जग (प्लाष्टिकको ) | १ वटा | |
| ८. | पानि तताउने भाँडा (इलेकट्रोनिक) | १ वटा | |
| ९. | कपडा राख्ने बाकस/दराज | १ वटा | |
| १०. | टेबल | १ वटा | |
| ११. | हिटर | १ वटा | आवश्यकता अनुसार |
| १२. | कार्पेट, पर्दा | | आवश्यकता अनुसार |
| १३. | म्याट (भुइँमा ओछ्याउने) | | आवश्यकता अनुसार |

६. उक्त प्रतिक्षालयमा सुत्केरी महिला र एकजना कुरुवालाई निःशुल्क बास बस्न मिल्ने गरी आवश्यक प्रबन्ध गर्नुपर्नेछ। साथै विपन्न सेवाग्राहीलाई आवश्यक खाद्यान्नको व्यवस्था स्थानीय स्रोत जुटाई गर्न सकिनेछ।

७. नेपाल सरकार/प्रदेश सरकारको प्रचलित ऐन, नियम बमोजिम खरिद गरी व्यवस्थापन गर्ने।

८. प्रति गाउँपालिकामा लक्ष्य भन्दा बढि प्रसूति केन्द्रका लागि खर्च गर्न सकिनेछ ।

**कार्यान्वयन गर्ने निकाय**

| क. स. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय धादिङ | ३ | १५०० |
| २. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ५ | २५०० |
| ३. | जनस्वास्थ्य कार्यालय रसुवा | ४ | २३५५ |
| ४. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | ३ | १५०० |
| ५. | जनस्वास्थ्य कार्यालय दोलखा | ५ | २८०० |
| ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ५ | २४०० |
| ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | ५ | २४०० |
| ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ५ | २५०० |
| ९. | जनस्वास्थ्य कार्यालय चितवन | २ | १००० |
| १०. | जनस्वास्थ्य कार्यालय सिन्धुली | ५ | २८०० |
| ११. | जनस्वास्थ्य कार्यालय ललितपुर | ६ | २७०० |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | प्रसूति प्रतिक्षालय केन्द्रको स्थापना भई प्रसूति सेवा लिन आउने सेवाग्राहीहरुको संख्यामा वृद्धि भएको हुनेछ। |
| बजेट बाँडफाँट | प्रचलित नियमानुसार बजेटको परिधिभित्र रही रकम बाँडफाँट गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.४ प्रसूति केन्द्रमा टायलिङ्ग एवम् मर्मत सम्भार

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.३.९.५ | २२२३१ | जिल्लानुसार | वटा | ९००० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रसूति केन्द्रको आवश्यक मर्मत सम्भार गरी गुणस्तरीय प्रसूति सेवा प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम कार्यान्वयनमा रहेका स्थानीय तहको सहकार्यमा टायलिङ्ग एवम् मर्मत सम्भार गर्नुपर्ने प्रसूति केन्द्रहरू/बर्थिङ सेन्टरहरुको सूची तयार गर्ने।<br>२. कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको सहकार्यमा आवश्यकता र औचित्यको आधारमा स्वास्थ्य संस्था छनोट गर्ने।<br>३. टायलिङ तथा आवश्यक मर्मत सम्भार कार्यका लागि सम्बन्धित स्थानीय तहको प्राविधिकको सहयोगमा लागत अनुमान/डिजाइन आदि तयार गर्ने।<br>४. नियमानुसार खरिद कार्य सम्पन्न गर्ने।<br>५. मर्मतसम्भार अघि र पछिको अवस्था स्पष्ट झल्किने गरी फोटोसहितको प्रतिवेदन तयार गर्ने र स्वास्थ्य निर्देशनालयमा पठाउने।<br>६. प्रति गाउँपालिकामा लक्ष्य भन्दा बढि प्रसूति केन्द्रका लागि खर्च गर्न सकिनेछ । |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका) |

कार्यान्वयन गर्ने निकाय:

| क. स. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय धादिङ | २ | ६०० |
| २. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ३ | ९०० |
| ३. | जनस्वास्थ्य कार्यालय रसुवा | २ | ६०० |
| ४. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | २ | ६०० |
| ५. | जनस्वास्थ्य कार्यालय दोलखा | ४ | १२०० |
| ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | २ | ६०० |
| ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | २ | ६०० |
| ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ४ | १२०० |
| ९. | जनस्वास्थ्य कार्यालय चितवन | २ | ६०० |

| | |
|---|---|
| | १०. \| जनस्वास्थ्य कार्यालय सिन्धुली \| ४ \| १२०० |
| | ११. \| जनस्वास्थ्य कार्यालय ललितपुर \| ३ \| ९०० |
| अपेक्षित उपलब्धि | प्रसूति केन्द्रमा टायलिङ्ग एवम् तथा मर्मत सम्भार कार्यसम्पन्न भई सेवा प्रवाहमा सुधार आउनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.६ कार्यक्रम लागू भएका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफका लागि SBA तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.६.१.४५ | २२५११ | ४ | पटक | ३२०० | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यक्रम लागू भएका स्वास्थ्य संस्थामा दक्ष जनशक्तिबाट दिइने प्रसूति सेवाको सुनिश्चितता गर्नको लागि नर्सिङ स्टाफहरुको क्षमता अभिवृद्धि गर्ने। |
| सञ्चालन प्रक्रिया | १. सम्बन्धित जिल्लाको जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी कार्यक्रम लागू भएका स्थानीय तहमा कार्यरत नर्सिङ् स्टाफहरूले SBA तालिम लिए नलिएको विवरण सङ्कलन गर्ने।<br>२. स्वास्थ्य तालिम केन्द्रले TIMS मा रूजु समेत गरी जनस्वास्थ्य कार्यालयमार्फत सहभागी छनोट गर्ने। यो कार्य प्रथम त्रैमासिकमा सम्पन्न गरिसक्नुपर्नेछ।<br>३. कार्यक्रम लागु भएका बर्थिङ सेन्टरका नर्सिङ स्टाफलाई SBA तालिम प्रदान गरेपश्चात् बजेट बाँकी रहेमा सम्बन्धित जिल्लाको अन्य बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ् स्टाफलाई समेत समावेश गर्न सकिनेछ।<br>४. नर्सिङ्ग स्टाफ छनौट गर्दा स्थायी नर्सिङ्ग स्टाफलाई प्राथमिकता दिई करार सेवामा कार्यरत नर्सिङ्ग स्टाफलाई समेत आवश्यकता र औचित्यको आधारमा छनौट गर्न बाधा पर्ने छैन।<br>५. राष्ट्रिय प्रोटोकल अनुसार तोकिएको तालिम साइटबाट तालिम सञ्चालन गर्ने।<br>६. बजेटको परिधिभित्र रही प्रचलित नियमानुसार तालिम गर्ने।<br>७. तालिम पश्चात सेवा प्रवाहमा सुधार भए नभएको फलोअप गर्ने र प्रतिवेदन तयार गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | क्र.स \| कार्यालयको नाम \| तालिमको लक्ष्य \| जम्मा बजेट (रु. हजारमा)<br>१. \| स्वास्थ्य तालिम केन्द्र \| ४ \| ३२०० |
| अपेक्षित उपलब्धि | कार्यक्रम लागू भएका स्वास्थ्य संस्थाका नर्सिङ स्टाफहरुको क्षमता अभिवृद्धि भई गुणस्तरीय प्रसूति सेवा प्रदान भएको हुनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च |

| | |
|---|---|
| | योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.५ प्रसूति केन्द्रलाई वातानुकुल बनाउने (२४ घण्टा पानी, AC, Washing Machine)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.२२.४० | ३११२२ | जिल्लानुसार | वटा | १२८२५ | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रसूति केन्द्रलाई वातानुकुलित बनाई निरन्तर प्रसूति सेवा प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहको सहकार्यमा प्रसूति केन्द्रको सुची तयार गर्ने र कार्यक्रम कार्यान्वयनको लागि प्राथमिकिकरण गर्ने ।<br>२. सम्बन्धित स्थानीय तह, स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाको समन्वयमा प्राथमिकतामा परेका प्रसूति केन्द्रहरुलाइ वातानुकुल बनाउनको लागि आवश्यक कार्यहरु/सामाग्रीहरू जस्तैः २४ सै घण्टा पानीको व्यवस्था, Air Condition, Washing Machine लगायतका आवश्यक सामाग्रीहरुको खरिदको लागि योजना तयार गर्ने।<br>३. यसै शीर्षकबाट आवश्यकता अनुसार बजेटको परिधिभित्र रहेर प्रसूति केन्द्रलाई वातावनुकुलित बनाउन सामाग्रीहरू खरिद गर्न सकिनेछ।<br>४. औजार उपकरणको स्पेसिफिकेसन स्वास्थ्य सेवा विभाग) व्यवस्थापन महाशाखा (र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त गरी लागत अनुमान तयार गरी प्रयोग गर्ने।<br>५. प्रचलित नियमानुसार स्पेसीफिकेसन बमोजिम खरिद गर्ने।<br>६. खरिद गरिएका औजार तथा उपकरणहरुको नियमानुसार गुणस्तर जाँच गर्ने ।<br>७. खरिद गरिएका औजार तथा उपकरणहरुको यसै आर्थिक वर्षमा प्रयोग सुनिश्चित गर्ने ।<br>८. प्रति गाउँपालिकामा बजेटको परिधिभित्र रहि लक्ष्य भन्दा बढि प्रसूति केन्द्रका लागि खर्च गर्न सकिनेछ । |
| कार्यान्वयन गर्ने निकाय | (see table below) |

| क्र. स. | कार्यालयको नाम | प्रसूति केन्द्रको संख्या | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय धादिङ | ३ | ६७५ |
| २. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ६ | १३५० |
| ३. | जनस्वास्थ्य कार्यालय रसुवा | ५ | ११२५ |
| ४. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | ३ | ६७५ |

| | | | | |
|---|---|---|---|---|
| | ५. | जनस्वास्थ्य कार्यालय दोलखा | ७ | १५७५ |
| | ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ५ | ११२५ |
| | ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | ५ | ११२५ |
| | ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ७ | १५७५ |
| | ९. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | ६७५ |
| | १०. | जनस्वास्थ्य कार्यालय सिन्धुली | ६ | १३५० |
| | ११. | जनस्वास्थ्य कार्यालय ललितपुर | ७ | १५७५ |
| अपेक्षित उपलब्धि | प्रसूति केन्द्रहरु वातानुकुलित भई निरन्तर प्रसूति सेवा प्रदान भएको हुनेछ। | | | |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। | | | |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। | | | |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। | | | |

### १.७ स्वास्थ्यकर्मीहरुलाई Obstetric First Aid र प्रसुतिकेन्द्रमा कार्यरत नर्सिङ स्टाफहरूलाई क्लिनिकल अपडेट तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.६.१.४६ | २२५११ | ३ | पटक | १२०० | तेश्रो |
| **शीर्षक** | **विवरण** | | | | |
| उद्देश्य | कार्यक्रम लागु भएका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुलाई Obstetric First Aid र क्लिनिकल अपडेट सम्बन्धी तालिम प्रदान गरी ज्ञान, सिप र धारणामा अभिवृद्धि गर्ने। | | | | |
| सञ्चालन प्रक्रिया | १. जिल्ला/स्थानीय तह अन्तर्गत कार्यक्रम कार्यान्वयनमा रहेका प्रसुतिकेन्द्र/बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुको सुची तयार गर्ने।<br>२. सहभागी छनोट गर्दा कार्यक्रम लागू भएका जिल्ला/स्थानीय तहका बर्थिङ सेन्टरका नर्सिङ स्टाफहरुलाई अनिवार्य रुपमा र अन्य बर्थिङ सेन्टरमा कार्यरत बर्थिङ स्टाफहरुलाई बजेटको परिधिभित्र रहि तालिम प्रदान गर्ने।<br>३. राष्ट्रिय प्रोटोकल अनुसार तोकिएको तालिम साइटबाट तालिम सञ्चालन गर्ने।<br>४. तालिम प्रदान गरिएका नर्सिङ स्टाफहरुको तथ्यांक प्रतिवेदन गरेर राख्ने र आवश्यक निकायमा पठाउने।<br>५. बजेटको परिधिभित्र रहि प्रचलित नियमानुसार तालिम गर्ने ।<br>६. तालिम पश्चात सेवा प्रवाहमा सुधार भए नभएको फलोअप गर्ने र प्रतिवेदन तयार गर्ने । | | | | |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय | <table><tr><td>क. स.</td><td>कार्यालयको नाम</td><td>लक्ष्य</td><td>जम्मा बजेट (रु हजारमा)</td></tr><tr><td>१.</td><td>स्वास्थ्य तालिम केन्द्र</td><td>३</td><td>१२००</td></tr></table> |
| अपेक्षित उपलब्धि | कार्यक्रम लागु भएका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुको क्षमता अभिवृद्धि भई प्रसूति सेवा प्रवाहमा सुधार आउनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.८ प्रसूति केन्द्रमा कार्यरत नर्सिङ स्टाफहरुलाई LARC Method सम्बन्धी तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.६.१.४७ | २२५११ | ३ | पटक | १२०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यक्रम लागू भएका स्वास्थ्य संस्था कार्यरत नर्सिङ स्टाफहरुलाई LARC Method सम्बन्धि क्षमता अभिवृद्धि गर्ने। |
| सञ्चालन प्रक्रिया | १. जिल्ला/स्थानीय तह अन्तर्गत कार्यक्रम कार्यान्वयनमा रहेका प्रसुतिकेन्द्र/बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुको सूची तयार गर्ने।<br>२. सहभागी छनोट गर्दा कार्यक्रम लागू भएका जिल्ला/स्थानीय तहका बर्थिङ सेन्टरका नर्सिङ स्टाफहरुलाई अनिवार्य रुपमा र अन्य बर्थिङ सेन्टरमा कार्यरत बर्थिङ स्टाफहरुलाई बजेटको परिधिभित्र रहि तालिम प्रदान गर्ने।<br>३. राष्ट्रिय प्रोटोकल अनुसार तोकिएको तालिम साइटबाट तालिम सञ्चालन गर्ने।<br>४. तालिम प्रदान गरिएका नर्सिङ स्टाफहरुको तथ्यांक प्रतिवेदन गरेर राख्ने र आवश्यक निकायमा पठाउने।<br>५. बजेटको परिधिभित्र रहि प्रचलित नियमानुसार तालिम गर्ने ।<br>६. तालिम पश्चात सेवा प्रवाहमा सुधार भए नभएको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | <table><tr><td>क. स.</td><td>कार्यालयको नाम</td><td>लक्ष्य</td><td>जम्मा बजेट (रु हजारमा)</td></tr><tr><td>१.</td><td>स्वास्थ्य तालिम केन्द्र</td><td>३</td><td>१२००</td></tr></table> |
| अपेक्षित उपलब्धि | कार्यक्रम लागु भएका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुको LARC Method सम्बन्धि |

| | |
|---|---|
| | क्षमता अभिवृद्धि भई सेवा प्रवाहमा सुधार आउनेछ । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.९ स्थानीय तहका मेयर/उपमेयर, प्रशासकीय अधिकृत लागायत सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी जिल्लास्तरीय पैरवी गोष्ठी

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.३४.११८ | २२५२२ | ११ | पटक | १४७५ | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्थानीय तहका मेयर/उपमेयर, प्रशासकीय अधिकृत लागायत सरोकारवाला निकायहरूलाई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको बारेमा जानकारी गराउने र सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने। |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम लागू भएका जिल्लाका स्थानीय तहका स्वास्थ्य शाखाको समन्वयमा स्थानीय तहका मेयर/उपमेयर, प्रशासकीय अधिकृत लागायत सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी जिल्लास्तरीय पैरवी गोष्ठी सञ्चालनको लागि योजना तयार गरी जिल्लाको पायक पर्ने स्थानमा गोष्ठी सञ्चालन गर्ने।<br>२. गोष्ठीमा सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यको तथ्यांकसहितको प्रस्तुतीकरण गर्ने। उक्त प्रस्तुतीकरणमा सम्बन्धित स्थानीय तहको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य/सेवाको तथ्यांकसमेत विश्लेषण गर्ने।<br>३. सम्बन्धित स्थानीय तहको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यलाई प्रभाव पार्ने कारक तत्वहरूको प्रस्तुतिकरण सहित छलफल गर्ने र समस्या समाधानका उपायहरु पत्ता लगाउने ।<br>४. सोहि क्रममा यस कार्यक्रमको मुख्य उदेश्य तथा स्थानीय तहको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा सुदृढीकरणको लागी स्थानीय तह/संघसंस्था लगायत सरोकारवालाहरुको भूमिकाको बारेमा छलफल गर्ने तथा कार्यक्रमको भावी योजना तर्जुमा गर्ने ।<br>५. कार्यक्रम कार्यान्वयमा स्थानीयतहको सहकार्यका लागी सहमती जुटाउने ।क्रियाकलाप १.३ प्रसूति केन्द्रको प्रतिक्षालय स्थापना तथा सञ्चालन लगायत अन्य क्रियाकलापहरुका लागि पनि स्थानीय तहका प्रमुखहरुको प्रतिवद्वताका लागि पैरवी गर्ने ।<br>६. बजेटको परिधिभित्र रहि प्रचलित नियमानुसार कार्यक्रम गर्ने ।<br>७. कार्यक्रम पश्चात प्रतिवेदन तयार गर्ने । |

<table>
<tr><td rowspan="12">कार्यान्वयन गर्ने निकाय</td><td>क्र. स.</td><td>कार्यालयको नाम</td><td>लक्ष्य</td><td>जम्मा बजेट (रु. हजारमा)</td></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय धादिङ</td><td>१</td><td>७५</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय नुवाकोट</td><td>३</td><td>१७५</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय रसुवा</td><td>२</td><td>१२५</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक</td><td>१</td><td>७५</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय दोलखा</td><td>३</td><td>१७५</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>२</td><td>१२५</td></tr>
<tr><td>७.</td><td>जनस्वास्थ्य कार्यालय रामेछाप</td><td>२</td><td>१२५</td></tr>
<tr><td>८.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>३</td><td>१७५</td></tr>
<tr><td>९.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>१</td><td>७५</td></tr>
<tr><td>१०.</td><td>जनस्वास्थ्य कार्यालय सिन्धुली</td><td>३</td><td>१७५</td></tr>
<tr><td>११.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>३</td><td>१७५</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td colspan="4">स्थानीय तहका मेयर/उपमेयर, प्रशासकीय अधिकृत लागायत सरोकारवाला निकायहरूलाई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको बारेमा जानकारी भई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरण भएको हुनेछ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td colspan="4">प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td colspan="4">स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td colspan="4">कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## १.१० वडा अध्यक्ष, वडा सदस्य लागायत वडा स्तरका सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी पैरवी गोष्ठी

<table>
<tr><th>PLMBIS Code</th><th>खर्च शीर्षक</th><th>लक्ष्य</th><th>इकाई</th><th>विनियोजित रकम (रू. हजारमा)</th><th>समयावधि (त्रैमासिक)</th></tr>
<tr><td>२.७.३४.११९</td><td>२२५११</td><td>२४</td><td>पटक</td><td>२४००</td><td>प्रथम</td></tr>
<tr><th>शीर्षक</th><th colspan="5">विवरण</th></tr>
<tr><td>उद्देश्य</td><td colspan="5">वडा अध्यक्ष, वडा सदस्य लागायत वडा स्तरका सरोकारवाला निकायहरूलाई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको बारेमा जानकारी गराउने र सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td colspan="5">१. कार्यक्रम लागू भएका जिल्लाका स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य लागायत वडा स्तरका लागायत सरोकारवाला निकायहरुसँग सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुनिश्चितता सम्बन्धी जिल्लास्तरीय पैरवी गोष्ठी सञ्चालनको लागि योजना तयार गर्ने</td></tr>
</table>

<table>
<tr><td></td><td>र गाउँपालिकाको पायक पर्ने स्थानमा गोष्ठी सञ्चालन गर्ने ।<br>२. गोष्ठीमा सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यको तथ्यांकसहितको प्रस्तुतीकरण गर्ने। उक्त प्रस्तुतीकरणमा सम्बन्धित स्थानीय तहको/वडाको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य/सेवाको तथ्यांकसमेत विश्लेषण गर्ने ।<br>३. सम्बन्धित स्थानीय तहको/वडाको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यलाई प्रभाव पार्ने कारक तत्वहरूको प्रस्तुतिकरण सहित छलफल गर्ने र समस्या समाधानका उपायहरु सहित योजना तर्जुमा गर्ने।<br>४. सोहि क्रममा यस कार्यक्रमको मुख्य उदेश्य तथा वडाको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा सुदृढीकरणको लागी भूमिकाको बारेमा छलफल गर्ने तथा कार्यक्रमको भावी योजना तर्जुमा गर्ने ।<br>५. बजेट र सहभागीको सङख्या निर्धारण गरी आवश्यकताका आधारमा कार्यक्रमको सङख्या निर्धारण गर्ने।<br>६. बजेटको परिधिभित्र रहि कार्यक्रमको फलोअप समेत गर्न सकिनेछ।<br>७. कार्यक्रम पश्चात प्रतिवेदन तयार गर्ने ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><th>क्र. स.</th><th>कार्यालयको नाम</th><th>लक्ष्य</th><th>जम्मा बजेट (रु हजारमा)</th></tr>
<tr><td>१.</td><td>स्वास्थ्य कार्यालय धादिङ</td><td>१</td><td>१००</td></tr>
<tr><td>२.</td><td>स्वास्थ्य कार्यालय नुवाकोट</td><td>३</td><td>३००</td></tr>
<tr><td>३.</td><td>स्वास्थ्य कार्यालय रसुवा</td><td>२</td><td>२००</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक</td><td>१</td><td>१००</td></tr>
<tr><td>५.</td><td>स्वास्थ्य कार्यालय दोलखा</td><td>३</td><td>३००</td></tr>
<tr><td>६.</td><td>स्वास्थ्य कार्यालय काभ्रेपलान्चोक</td><td>२</td><td>२००</td></tr>
<tr><td>७.</td><td>स्वास्थ्य कार्यालय रामेछाप</td><td>२</td><td>२००</td></tr>
<tr><td>८.</td><td>स्वास्थ्य कार्यालय मकवानपुर</td><td>३</td><td>३००</td></tr>
<tr><td>९.</td><td>स्वास्थ्य कार्यालय चितवन</td><td>१</td><td>१००</td></tr>
<tr><td>१०.</td><td>स्वास्थ्य कार्यालय सिन्धुली</td><td>३</td><td>३००</td></tr>
<tr><td>११.</td><td>स्वास्थ्य कार्यालय ललितपुर</td><td>३</td><td>३००</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>वडा अध्यक्ष, वडा सदस्य लागायत वडा स्तरका सरोकारवाला निकायहरूलाई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको बारेमा जानकारी भई र सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरण भएको हुनेछ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
</table>

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.११ स्वास्थ्य आमा समूहहरुलाई पूर्ण संस्थागत सुत्केरी सम्बन्धी अभिमुखीकरण कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.३४.१२० | २२५२२ | जिल्लानुसार | वटा | ३८५० | प्रथम,दोश्रो |
| **शीर्षक** | **विवरण** | | | | |
| उद्देश्य | स्वास्थ्य आमा समूहहरु पूर्ण संस्थागत सुत्केरीको महत्व बारेमा जानकार भई पूर्ण संस्थागत सुत्केरी दर वृद्दि गर्ने । | | | | |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम संचालन गर्नका लागी आमासमूहको सूची तयार गर्दा स्वास्थ्य सेवामा कम पहुँच भएका तथा भौगोलिक रुपमा कठिनाइ भएका समुदायलाई प्राथमिकतामा राख्नु पर्ने।<br>२. कार्यक्रम लागू भएका जिल्लाका स्थानीय तहका स्वास्थ्य आमा समूहहरूलाई पूर्ण संस्थागत सुत्केरी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालनको लागि स्थानीय तहको स्वास्थ्य शाखा तथा सम्बन्धित स्वास्थ्य संस्थाको नर्सिङ्ग कर्मचारीहरुको समन्वयमा योजना तयार गर्ने।<br>३. आमासमूहलाई पायक पर्ने गरी समुदायस्तरमा नर्सिङ्ग कर्मचारीले सहजीकरण गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>४. कार्यक्रममा पूर्ण संस्थागत सुत्केरी अभियान सञ्चालन र सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यको तथ्यांक विश्लेषणसहित प्रस्तुतीकरण गर्ने। सम्बन्धित वडाको संस्थागत सुत्केरीको तथ्यांक तथा समस्याहरूसमेत समेटेर प्रस्तुत गर्ने र समस्या समाधानका उपायहरूको बारेमा छलफल गर्ने ।<br>५. स्वास्थ्य आमा समूहको अभिमुखीकरणमा समेटन पर्ने विषयवस्तुहरू जस्तैः संस्थागत सुत्केरी हुँदाको आमा र बच्चाको स्वास्थ्यमा हुने लाभ, संस्थागत सुत्केरी नहुँदाको हानिहरु, सुत्केरी अवस्थामा हुनसक्ने खतराका लक्षणहरु, घरमा सुत्केरीहुँदा हुनसक्ने जोखिम, पूर्व तयारी, सरकारबाट प्रदान गर्ने सेवाहरु तथा विशेष प्राबधान- सुरक्षित मातृत्व कार्यक्रम लगायतका विषयहरुलाई समेट्नु पर्नेछ ।<br>६. सम्बन्धित स्थानीय तहको/वडाको सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यलाई प्रभाव पार्ने कारक तत्वहरूको प्रस्तुतिकरण सहित छलफल गर्ने र समस्या समाधानका उपायहरु सहित योजना तर्जुमा गर्ने।<br>७. सो कार्यक्रममा स्वास्थ्य आमा समूहहरूले पूर्ण संस्थागत सुत्केरी, मातृ तथा बाल स्वास्थ्यमा सुधारको लागि खेलेको महत्वपूर्ण भूमिकाको बारेमा समेत छलफल गर्ने।सोहि क्रममा यस कार्यक्रमको मुख्य उदेश्य तथा वडाको संस्थागत सुत्केरी सुदृढीकरणको लागी आमा समूह तथा वडाका अन्य सरोकारवालाहरुको भूमिकाको बारेमा | | | | | |

<table>
<tr><td></td><td>छलफल गर्ने तथा कार्यक्रम योजना गर्ने ।<br>८. बजेटको परिधिभित्र रहि प्रचलित नियमानुसार कार्यक्रम गर्ने ।<br>९. कार्यक्रम पश्चात प्रतिवेदन तयार गर्ने ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><th>क्र. स.</th><th>कार्यालयको नाम</th><th>पालिकाको सङख्या</th><th>स्वास्थ्य संस्था संख्या</th><th>आमा समुह संख्या</th><th>जम्मा बजेट (रु.हजारमा)</th></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय धादिङ</td><td>१</td><td>५</td><td>२०</td><td>१७५</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय नुवाकोट</td><td>३</td><td>१५</td><td>६०</td><td>५२५</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय रसुवा</td><td>२</td><td>१०</td><td>४०</td><td>३५०</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक</td><td>१</td><td>५</td><td>२०</td><td>१७५</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय दोलखा</td><td>३</td><td>१५</td><td>६०</td><td>५२५</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलान्चोक</td><td>२</td><td>१०</td><td>४०</td><td>३५०</td></tr>
<tr><td>७.</td><td>जनस्वास्थ्य कार्यालय रामेछाप</td><td>२</td><td>१०</td><td>४०</td><td>३५०</td></tr>
<tr><td>८.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>१</td><td>५</td><td>२०</td><td>१७५</td></tr>
<tr><td>९.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>१</td><td>५</td><td>२०</td><td>१७५</td></tr>
<tr><td>१०.</td><td>जनस्वास्थ्य कार्यालय सिन्धुली</td><td>३</td><td>१५</td><td>६०</td><td>५२५</td></tr>
<tr><td>११.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>३</td><td>१५</td><td>६०</td><td>५२५</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>स्वास्थ्य आमा समूहहरु पूर्ण संस्थागत सुत्केरीको बारेमा जानकार भई अभियानमा संलग्न हुनेछन् र संस्थागत सुत्केरी गराउनेको संख्यामा वृद्धि हुनेछ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>बजेट</th></tr>
<tr><td>१</td><td>सहभागी खाजा (३० जना)</td><td>प्रति सहभागी रु १००</td></tr>
<tr><td>२</td><td>म.स. स्व. से. यातायत खर्च</td><td>प्रति व्यक्ति रु ४००</td></tr>
<tr><td>३</td><td>सहजकर्ता पारिश्रमिक</td><td>रु ७००</td></tr>
<tr><td>४</td><td>मसलन्द</td><td>रु ५००</td></tr>
<tr><td colspan="3">नोटः बजेटको परिधि भित्र रही सहभागी सङख्या थप गर्न सकिनेछ।</td></tr>
</table>
</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## १.१२ संस्थागत सुत्केरी सम्बन्धि तथ्याङ्ग संकलन र अवस्था विश्लेषण गर्ने

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.३४.१२१ | २२५२२ | २४ | पटक | ७२० | प्रथम, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | संस्थागत सुत्केरी सम्बन्धी तथ्याङ्ग संकलन र अवस्था विश्लेषण गरी पूर्ण संस्थागत सुत्केरीको लागि योजना तर्जुमा गर्ने। |
| सञ्चालन प्रक्रिया | १. क्रियाकलाप १.१ देखि १.८ सम्मका गतिविधिका लागि आवश्यक तथाङ्क संकलन, लेखाजोखा, विश्लेषणगर्ने कार्यका लागि यो कृयाकलाप राखिएको हो।<br>२. सो लेखाजोखा गर्न आवश्यक पर्ने template स्वास्थ्य निर्देशनालयबाट प्राप्त गर्ने।<br>३. जनस्वास्थ्य कार्यालयले आवश्यक प्राविधिक जनशक्ति परिचालन गरी स्थलगत रुपमा तथ्याङक संकलन गर्नुपर्नेछ।<br>४. DHIS-2 र स्थलगत तथ्याङक विश्लेषण गरी कृयाकलाप १.९, १.१०, १.११ का लागि प्रस्तुतीकरण तयार गर्नुपर्नेछ।<br>५. सो संकलित तथ्याङकको hard copy र soft copy स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |

| क्र. स. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय धादिङ | १ | ३० |
| २. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ३ | ९० |
| ३. | जनस्वास्थ्य कार्यालय रसुवा | २ | ६० |
| ४. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | १ | ३० |
| ५. | जनस्वास्थ्य कार्यालय दोलखा | ३ | ९० |
| ६. | जनस्वास्थ्य कार्यालय काभ्रेपलान्चोक | २ | ६० |
| ७. | जनस्वास्थ्य कार्यालय रामेछाप | २ | ६० |
| ८. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | ९० |
| ९. | जनस्वास्थ्य कार्यालय चितवन | १ | ३० |
| १०. | जनस्वास्थ्य कार्यालय सिन्धुली | ३ | ९० |
| ११. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३ | ९० |

| शीर्षक | विवरण |
|---|---|
| अपेक्षित उपलब्धि | संस्थागत सुत्केरी सम्बन्धी तथ्याङ्ग विश्लेषण भई पूर्ण संस्थागत सुत्केरीको लागि योजना तर्जुमामा सहजिकरण हुनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |

| | |
|---|---|
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## १.१३ कार्यक्रम व्यवस्थापन, अनुगमन, मेन्टोरीङ्ग

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१५४४ | २२५२२ | जिल्लानुसार | पटक | ६०० | प्रथम,दोश्रो,तेश्रो,चौथो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजता ल्याउने। |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम लागू भएका स्थानीय तहमा प्राविधिक सहयोग तथा मेन्टोरिङ्ग कार्य गर्न कार्ययोजना तयार गर्ने।<br>२. कार्यक्रम कार्यन्वयन भएका स्वास्थ्य संस्थामा प्रभावकारी ढंगले कार्य सम्पादन भए नभएको नियमित अनुगमन गर्ने। जिल्लाबाट आवश्यक प्राविधिक सहयोग तथा मेन्टोरिङ्ग कार्य गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।<br>३. कार्यक्रम सञ्चालनमा आइपरेका अप्ठ्यारा र बाधालाई पहिचान गर्ने र आवश्यक निर्देशन र कोचिङ दिने ।<br>४. बजेटको परिधिभित्र रहि प्रचलित नियमानुसार कार्यक्रम गर्ने ।<br>५. मन्त्रालय तथा प्रदेश मातहतको निकायबाट अनुगमन, मेन्टोरीङ्ग साथै स्थलगत अनुशिक्षण गर्दा चेकलिस्ट समेत भर्नु पर्नेछ । |

कार्यान्वयन गर्ने निकाय

| क्र. स. | कार्यालयको नाम | जम्मा बजेट (रु हजारमा) |
|---|---|---|
| १. | स्वास्थ्य मन्त्रालय | १६० |
| २. | जनस्वास्थ्य कार्यालय धादिङ | ४० |
| ३. | जनस्वास्थ्य कार्यालय नुवाकोट | ४० |
| ४. | जनस्वास्थ्य कार्यालय रसुवा | ४० |
| ५. | जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | ४० |
| ६. | जनस्वास्थ्य कार्यालय दोलखा | ४० |
| ७. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ४० |
| ८. | जनस्वास्थ्य कार्यालय रामेछाप | ४० |
| ९. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ४० |
| १०. | जनस्वास्थ्य कार्यालय चितवन | ४० |
| ११. | जनस्वास्थ्य कार्यालय सिन्धुली | ४० |
| १२. | जनस्वास्थ्य कार्यालय ललितपुर | ४० |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | विशेष अनुदानका कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरण भई कार्यक्रम कार्यन्वयनमा सहजता भएको हुनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २. शहरी स्वास्थ्य कार्यक्रम

**आयोजना लागू गर्ने स्थानः**

बागमती प्रदेश अन्तर्गतका जनघनत्व बढी भएका जिल्लाका शहरी क्षेत्रहरूः

१. **काठमाण्डौः** काठमाडौं महानगरपालिका लगायत अन्य शहरी क्षेत्र,

२. **ललितपुरः** ललितपुर महानगरपालिका लगायत अन्य शहरी क्षेत्र,

३. **भक्तपुरः** भक्तपुर नगरपालिका लगायत अन्य शहरी क्षेत्र,

४. **काभ्रेपलान्चोकः** धुलिखेल नगरपालिका लगायत अन्य शहरी क्षेत्र,

५. **मकवानपुरः** हेटौंडा उप-महानगरपालिका लगायत अन्य शहरी क्षेत्र,

६. **चितवनः** भरतपुर महानगरपालिका लगायत अन्य शहरी क्षेत्रहरूमा यो आयोजना लागु हुनेछ।

## २.१ परिक्षणको लागि आवश्यक सामग्री

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ७.२.११.११ | २७२१३ | जिल्लानुसार | पटक | ९००० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नसर्ने रोगको समयमा नै परिक्षण भई स्वास्थ्यमा हुनसक्ने क्षति न्यूनीकरण गर्ने र स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने । |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह, स्वास्थ्य संस्था तथा लक्षित जनसङख्या निर्धारण गर्ने।<br>२. यस सम्बन्धि स्थानीय तहमा भएका वा सोही प्रकृतिका अन्य कार्यक्रमसँग दोहोरोपना नहुने गरी आवश्यकता समेत निर्धारण गरी कार्यक्रमको योजना तर्जुमा गर्ने।<br>३. शहरी स्वास्थ्य कार्यक्रम लागू भएका स्थानीय तहको स्वास्थ्य संस्था नसर्ने रोगको परीक्षणका लागि स्थानीय तहमा आवश्यक पर्ने ग्लुकोमिटर, पिक-फ्लो मिटर, उचाई तथा तौल मापन यन्त्र, रक्तचाप मापन यन्त्र लगायतका आवश्यकता अनुसार औजार उपकरणहरू, रिएजेन्ट, केमिकल्स आदि खरिद गर्न सकिनेछ।<br>४. आवश्यकता अनुसार खरिद कार्ययोजना बनाउने।<br>५. औजार उपकरणहरू, रिएजेन्ट, केमिकल्स आदिको स्पेसिफिकेसन स्वास्थ्य सेवा विभाग (व्यवस्थापन महाशाखा) र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त गरी प्रयोग गर्न सकिनेछ।<br>६. स्पेसीफिकेसन बमोजिम खरिद गर्नुपर्ने औजार उपकरणहरू, रिएजेन्ट, केमिकल्स आदिको लागत अनुमान तयार गर्ने।<br>७. लागत अनुमान बमोजिम सार्वजनिक खरिद नियमावली अनुसार खरिद गर्ने।<br>८. खरिद गरिएका केमिकल्स र रिएजेन्ट स्थानीय तहको आवश्यकतानुसार आपूर्ति गर्ने र सेवाको सुनिश्चितता गर्ने।<br>९. जनस्वास्थ्य प्रयोगशालाको हकमा नियमित सेवा प्रवाहका लागि आवश्यक पर्ने रिएजेन्ट, केमिकल्स आदिको खरिद गर्नुपर्नेछ। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |

कार्यान्वयन गर्ने निकाय:

| क्र.सं. | कार्यालयको नाम | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|
| १. | जनस्वास्थ्य प्रयोगशाला | ३००० |
| २. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | १००० |
| ३. | जनस्वास्थ्य कार्यालय मकवानपुर | १००० |
| ४. | जनस्वास्थ्य कार्यालय चितवन | १००० |
| ५. | जनस्वास्थ्य कार्यालय ललितपुर | १००० |
| ६. | जनस्वास्थ्य कार्यालय काठमाडौं | १००० |
| ७. | जनस्वास्थ्य कार्यालय भक्तपुर | १००० |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | नसर्ने रोगको समयमा नै परिक्षण भई स्वास्थ्यमा हुनसक्ने क्षति न्यूनीकरण भएको हुनेछ र स्वस्थ जीवनशैली प्रवर्द्धन भएको हुनेछ । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रीम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.२ स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना - व्यायामशाला

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.२२.१९ | ३११२२ | १७ | वटा | २२१०० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण गर्नको लागि जनघनत्व बढी भएका शहरहरुमा व्यायामशालाको स्थापना भई स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने। |
| सञ्चालन प्रक्रिया | १. व्यायामशाला स्थापना गर्नका लागि स्वास्थ्य कार्यालय, प्रादेशिक अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहका स्वास्थ्य संस्था, स्थानीय पार्क आदि मध्य उपयुक्त स्थान छनौट गर्न सकिनेछ। सो कार्य जिल्ला जनस्वास्थ्य समन्वय समितिको बैठकबाट निर्णय गरी गर्ने।<br>२. व्यायामशाला स्थापनाको प्रक्रियामा जिल्लास्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयलाई सहभागी गराउने।<br>३. स्थानीय तहसँगको समन्वयमा व्यायामशाला स्थापना एवम् सञ्चालन गर्न सकिनेछ।<br>४. आवश्यक औजार उपकरणको विवरण र सङख्या तयार गर्ने।<br>५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट खुल्ला योग तथा व्यायामशाला निर्माणको लागि निर्मित स्पेसिफिकेसनलाई आधार मानी स्पेसिफिकेसन तयार गर्न सकिनेछ।<br>६. नियमानुसार खरिद कार्य सम्पन्न गर्ने।<br>७. जडान स्थलको प्राविधिक तयारी तथा व्यवस्थापन (जमिन सम्याउने, पुर्ने लगायत) यसै शिर्षकबाट गर्नुपर्नेछ।<br>८. खरिद गरिएको सामाग्रीलाई सम्बन्धित केन्द्रमा वितरण गरी सञ्चालनमा ल्याउने ।<br>९. खरिद तथा जडान गरिएको औजार उपकरणहरु स्थानीय तहलाई हस्तान्तरण गरि नियमित रेखदेख र व्यवस्थापन गर्ने/गराउने।<br>१०.रकम बाँकी भएमा हाल सञ्चालनमा रहेका व्यायामशालाहरुका मर्मत समेत यसै शिर्षकबाट गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने निकाय | |

| क्र.सं. | कार्यालयको नाम | स्थापना गर्नुपर्ने | प्रति इकाइ मूल्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यायामशाला | | |
| | १. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ३ | १३०० | ३९०० |
| | २. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | १३०० | ३९०० |
| | ३. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | १३०० | ३९०० |
| | ४. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३ | १३०० | ३९०० |
| | ५. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ३ | १३०० | ३९०० |
| | ६. | जनस्वास्थ्य कार्यालय भक्तपुर | २ | १३०० | २६०० |
| अपेक्षित उपलब्धि | व्यायामशाला स्थापना र सञ्चालन भई नसर्ने रोगको रोकथाम तथा जोखिमहरूको न्यूनीकरण भएको हुनेछ। | | | | |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। | | | | |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। | | | | |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। | | | | |

## २.३ स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना - कोठा सबलीकरण (Counselling Room)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.६.१३.१२१ | ३११२३ | १८ | वटा | ९००० | प्रथम |
| **शीर्षक** | **विवरण** | | | | |
| उद्देश्य | नसर्ने रोगको परामर्श सेवा प्रदान गर्न स्वास्थ्य संस्थाबाट परामर्श सेवा प्रदान भई नसर्ने रोगको जोखिम न्यूनीकरण गर्ने। | | | | |
| सञ्चालन प्रक्रिया | १. कार्यक्रम लागु हुने स्थानीय तहको समन्वयमा PLMBIS Code २.७.२५.२१ क्रियाकलाप नं. २.६ अभिमुखीकरण कार्यक्रममा निर्णय भएको एक स्वास्थ्य प्रवर्द्धन केन्द्र वा स्वास्थ्य संस्था छनौट गर्ने।<br>२. छनोट भएको स्वास्थ्य संस्थामा विशेष गरी नसर्ने रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलाई मध्यनजर गरी परामर्श सेवा कक्षको व्यवस्थापन गर्नुपर्नेछ।<br>३. परामर्श सेवा कक्षका लागि आवश्यक सामग्रीहरू (सञ्चार सामाग्री, फर्निचर र फिक्स्चर्स, कुर्सी, टेबल पंखा, आदि) लगायतका अन्य सामग्रीहरूको सूची तयार गरी खरिद योजना तयार गर्नुपर्नेछ ।<br>४. स्वास्थ्य प्रवर्द्धन केन्द्रको परामर्श कक्षमा नसर्ने रोगहरुको जोखिमहरुको, स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि चाहिने विषयबस्तु लगायत अन्य जानकारीमुलक विषयहरु प्रदर्शन गरेर राख्ने।<br>५. बजेटको परिधिभित्र रही थप स्वास्थ्य संस्थामा समेत यो क्रियाकलाप सञ्चालन गर्न | | | | |

| | |
|---|---|
| | सकिनेछ।<br>६. खरिद गर्नुपर्ने सामाग्रीहरूको स्पेसिफिकेसन र लागत इस्टिमेट तयार गर्ने ।<br>७. नेपाल सरकार/प्रदेश सरकारको प्रचलित खरिद ऐन, नियम बमोजिम खरिद गरी व्यवस्थापन गर्ने।<br>८. स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना पश्चात त्यहाँबाट नसर्ने रोगको कारक तत्वहरू, जोखिम न्यूनीकरणका उपायहरु तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका पक्षहरुका बारेमा लगायतका अन्य विषयहरुको बारेमा परामर्श सेवा प्रदान गर्ने र निरन्तर सेवाको सुनिश्चितता गर्ने।<br>९. खरिद भएका सामाग्रीहरूको अभिलेख राख्ने। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |
| अपेक्षित उपलब्धि | स्वास्थ्य संस्थामा नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण गर्नको लागि गुणस्तरीय परामर्श सेवा प्रदान भई नसर्ने रोगको भारमा कमि आउनेछ । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

कार्यान्वयन गर्ने निकाय:

| क्र.सं. | कार्यालयको नाम | सबलीकरण गर्न पर्ने प्रवर्द्धन केन्द्रको संख्या | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ३ | १५०० |
| २. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | १५०० |
| ३. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | १५०० |
| ४. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३ | १५०० |
| ५. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ३ | १५०० |
| ६. | जनस्वास्थ्य कार्यालय भक्तपुर | ३ | १५०० |

## २.४ प्रयोगशाला सबलीकरण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४४३ | २२५२२ | १९ | वटा | १०५०० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य प्रवर्द्धन केन्द्र वा स्वास्थ्य संस्थामा रहेको प्रयोगशाला र जनस्वास्थ्य प्रयोगशाला, चितवन शाखा/इकाइको सबलीकरण गर्ने र परिक्षण मार्फत समयमा नै नसर्ने रोगको पहिचान गर्न सहजिकरण गर्ने। |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहको समन्वयमा कार्यक्रम कार्यानवयन भएको प्रयोगशाला रहेको स्वास्थ्य संस्था छनौट गर्ने। |

| | |
|---|---|
| | २. जनस्वास्थ्य कार्यालयले छनौट गरेको स्वास्थ्य प्रवर्धन केन्द्र/स्वास्थ्य संस्थामा प्रयोगशाला र जनस्वास्थ्य प्रयोगशाला, काभ्रेपलाञ्चोकले चितवनस्थित प्रयोगशालाको सबलीकरणको कार्ययोजना तयार गर्ने।<br>३. कार्ययोजना तयार गर्दा प्रयोगशालामा प्रयोग हुने औजार उपकरणका लागि सहयोगी सामाग्री (आवश्यक ब्याक अप, स्टेबिलाइजर आदि), पूर्वाधार निर्माण र मर्मत सम्भार लगायतका कार्य र आवश्यकता अनुसार अन्य कार्यहरु गर्नका लागि योजना तयार गर्ने।<br>४. बुदाँ नं ३ मा उल्लेख भए बमोजिम कार्ययोजना अनुसारको कार्यहरु सम्पन्न भए पश्चात बजेट बाँकी रहेमा प्रयोगशालाका आवश्यक हुने औजार उपकरणहरुमा समेत खर्च गर्न सकिनेछ।<br>५. औजार उपकरणहरु खरिद गर्नको लागी आवश्यक स्पेसिफिकेसन राष्ट्रिय/प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त गरी लागत इस्टिमेट तयार गर्नुपर्नेछ।<br>६. प्रचलित नियमानुसार खरिद गरी व्यवस्थापन गर्ने।<br>७. बजेटको परिधिभित्र रही आवश्यकता अनुसार लक्ष्यभन्दा बढी सबलीकरण कार्य गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने निकाय | (see table below) |
| अपेक्षित उपलब्धि | स्वास्थ्य प्रवर्द्धन केन्द्र/स्वास्थ्य संस्थामा रहेको प्रयोगशाला र जनस्वास्थ्य प्रयोगशाला, गुणस्तर सुधार र सबलीकरण भई नसर्ने रोगको समयमा नै पहिचान भएको हुनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

कार्यान्वयन गर्ने निकाय:

| क्र.सं. | कार्यालयको नाम | सबलीकरण गर्न पर्ने प्रयोगशालाको संख्या | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य प्रयोगशाला | १ | १५०० |
| २. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ३ | १५०० |
| ३. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | १५०० |
| ४. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | १५०० |
| ५. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३ | १५०० |
| ६. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ३ | १५०० |
| ७. | जनस्वास्थ्य कार्यालय भक्तपुर | ३ | १५०० |

## २.५ प्रयोगशालाका लागि औजार, उपकरण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.९.१५० | ३११२२ | जिल्लानुसार | वटा | ९००० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रयोगशालाका लागि औजार तथा उपकरण व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता ल्याउने । |
| सञ्चालन प्रक्रिया | १. प्रयोगशाला संचालन भईरहको स्वास्थ्य संस्थाहरु मध्य छनौट गरी आवश्यक पर्ने औजार उपकरणसम्बन्धी खरिद कार्ययोजना तयार गर्ने।<br>२. प्रयोगशालाका लागि औजार र उपकरणहरुको स्पेसीफिकेसन तयार गर्ने।<br>३. स्पेसीफिकेसन बमोजिम खरिद गर्नुपर्ने औजार, उपकरण र रिएजेन्टको लागत अनुमान तयार गर्ने।<br>४. औजार उपकरणहरु खरिद गर्नको लागी आवश्यक स्पेसिफिकेसन राष्ट्रिय/प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त गरी लागत इस्टिमेट तयार गर्नुपर्नेछ।<br>५. लागत अनुमान बमोजिम सार्वजनिक खरिद नियमावली नियमानुसार खरिद गर्ने।<br>६. खरिद गरिएका औजार तथा उपकरणहरुको गुणस्तर सुनिश्चितता गर्ने।<br>७. खरिद गरिएका औजार तथा उपकरणहरुको यसै आर्थिक वर्षमा प्रयोग सुनिश्चित गर्ने ।<br>८. बजेटको परिधिभित्र रही लक्ष्य भन्दा बढी कार्य गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |

| क्र.सं. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ३ | १५०० |
| २. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ३ | १५०० |
| ३. | जनस्वास्थ्य कार्यालय चितवन | ३ | १५०० |
| ४. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३ | १५०० |
| ५. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ३ | १५०० |
| ६. | जनस्वास्थ्य कार्यालय भक्तपुर | ३ | १५०० |

| शीर्षक | विवरण |
|---|---|
| अपेक्षित उपलब्धि | प्रयोगशालाका लागि औजार तथा उपकरणहरुको व्यवस्थापन भई सेवा प्रवाहमा सहजता हुनेछ। |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.६ अभिमुखीकरण (प्रदेश तह, स्थानीय तह, प्रादेशिक अस्पतालहरू)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२५.२१ | २२५२२ | ६ | पटक | ३००० | प्रथम |

<table>
<tr><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td>उद्देश्य</td><td>१. शहरी स्वास्थ्य कार्यक्रमका बारेमा अभिमुखीकरण गर्ने ।<br>२. शहरी स्वास्थ्य कार्यक्रमको समीक्षा सञ्चालन गर्ने ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>१. शहरी स्वास्थ्य कार्यक्रम लागू हुने स्थानीय तहका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य विभाग/महाशाखा/शाखा प्रमुख, कार्यक्रम लागू हुने स्वास्थ्य संस्थाका प्रमुख र प्रतिनिधिहरूको, पत्रकार, प्रादेशिक/आधारभूत अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख सहभागीतामा १ दिने अभिमुखिकरण /समिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>२. शहरी स्वास्थ्य कार्यक्रम लागू हुने स्थानीय तहका वडा प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, महिला सामुदायिक स्वयम् सेविका, स्वास्थ्य व्यवस्थापन समिति, टोल सुधार समिति, क्लब लगायतका सरोकारवालाहरूको सहभागितामा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>३. अभिमुखीकरण कार्यक्रममा शहरी स्वास्थ्य कार्यक्रमको परिचय, उद्देश्य, सञ्चालन प्रक्रिया साथै नसर्ने रोगको बारेमा समेत प्रस्तुतीकरण तयार गरी अभिमुखीकरण गर्नुपर्नेछ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यालयको नाम</th><th>जम्मा बजेट (रु. हजारमा)</th></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>५००</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>५००</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>५००</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>५००</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>५००</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>५००</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>शहरी स्वास्थ्य कार्यक्रमको बारेमा अभिमुखीकरण तथा समीक्षा भई प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन हुनेछ ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## २.७ Occupational Health प्रवर्द्धन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४४८ | २२५२२ | १२ | पटक | ४८०० | दोश्रो |

<table>
<tr><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td>उद्देश्य</td><td>पेशागत स्वास्थ्य तथा सुरक्षा प्रवर्धन तथा पैरवी गर्ने ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>१. जिल्लामा अवस्थित सम्पूर्ण उद्योग तथा कलकारखानाहरूको उद्योग वाणिज्य सङ्घ तथा उद्योग सङ्घहरूसँग समन्वय गरी सूची तयार गर्ने।<br><br>२. कलकारखाना तथा औद्योगिक क्षेत्र लगायत अन्य पेशामा काम गर्ने श्रमिकहरूका पेशागत स्वास्थ्य र विद्यमान श्रम ऐनमा भएका प्रावधानहरुका बारेमा १ दिने अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। संलग्न पेशामा हुने स्वास्थ्यसम्बन्धि जोखिम र समस्याको प्रकृतिअनुसार परामर्श, परीक्षण, स्वास्थ्य शिविर सञ्चालन गर्न सकिनेछ। अभिमुखीकरण कार्यक्रममा आवश्यक पर्ने व्यक्तिगत सुरक्षाका सामाग्री आदि समेत नमुनाको रुपमा खरिद गर्न सकिनेछ।<br><br>३. उद्योग वाणिज्य सङ्घ, उद्योग सङ्घ, जिल्ला प्रशासन कार्यालय, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र/श्रम तथा रोजगार कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वयमा विज्ञसहितको संलग्नतामा कार्यस्थलमा लेखाजोखा र अनुगमन गरी पृष्ठपोषण गर्न सकिनेछ।<br><br>४. अनुगमनको क्रममा श्रम ऐन तथा नियमावलीबमोजिम स्वास्थ्य सेवाको उपलब्धता भए/नभएको, व्यक्तिगत सुरक्षाका उपकरणहरू उपलब्ध भए/नभएको तथा सोको प्रभावकारी प्रयोग भए/नभएको, स्वास्थ्यमैत्री वातावरण लगायत कलकारखानाको प्रकृति अनुसार विभिन्न जोखिम जस्तै शारीरिक, रासायनिक, जैविक तथा रेडियोलोजिकल जोखिम तथा खतराहरू पहिचान गरी आवश्यक सुझाव प्रदान गर्ने।<br><br>५. तल उल्लेखित जिल्लाबाहेक अन्य जिल्लाका लागि सङ्घीय विशेष अनुदानअन्तर्गत शहरी स्वास्थ्य कार्यक्रममा यही क्रियाकलाप रहेकाले उक्त जिल्लाहरूले विशेष अनुदानको मार्गदर्शनअनुसार सञ्चालन गर्ने।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यालयको नाम</th><th>कार्यक्रम संख्या</th><th>रकम प्रति कार्यक्रम (रु. हजारमा)</th><th>जम्मा बजेट (रु. हजारमा)</th></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>२</td><td>४००</td><td>८००</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>पेशागत स्वास्थ्य प्रवर्धन तथा सुदृढीकरण भई पेशागत स्वास्थ्यमा सुधार आएको हुनेछ।</td></tr>
</table>

| | |
|---|---|
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.८ समुदायमा आधारित जनचेतनामूलक कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४४९ | २२५२२ | ३० | पटक | ९००० | प्रथम,दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्थानीय तह तथा सरोकारवाला निकायहरूको समन्वयमा नसर्ने रोगहरूको बारेमा समुदायस्तरमा जनचेतना फैलाउने र जोखिम न्यूनीकरण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तह तथा सरोकारवाला निकायहरूको समन्वयमा समुदायस्तरमा नसर्ने रोगको जोखिम तत्वहरूको न्यूनीकरण गर्नका लागि जनचेतनामूलक तथा समुदाय परिचालन कार्यक्रमहरू तय गर्ने।<br>२. स्थानीय तहका वडास्तरसम्म सरोकारवालाहरू सँग समन्वय र सहकार्य गरी नागरिकको सहभागितामा कार्यक्रम सम्पन्न गर्ने।<br>३. युवा क्लब, सामुदायिक स्तरका संघसंस्था, टोलसुधार समिति लगायतसँगको समन्वयमा जनचेतनामूलक कार्यक्रम अन्तर्गत अभिमुखीकरण कार्यक्रम, नसर्ने रोगको न्यूनीकरणको लागि अभियान सञ्चालन गर्ने, सडक नाटक, साइकल रयाली, १८० मिनेट वाल्क, फुटसल , दिवसमा विभिन्न नविनतम कार्यक्रमहरु सञ्चालन गर्ने।<br>४. कार्यक्रमहरूमा शहरी क्षेत्रमा बसोबास गर्ने पिछडिएका क्षेत्र, वर्गका समुदायलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्ने ।<br>५. उक्त कार्यक्रममा सहभागीलाई तल उल्लेख भएका ९ वटा प्रतिबद्धताहरूमा सङ्कल्प गराउने साथ साथै सार्वजनिक स्थानमा प्रदर्शनी गर्ने।<br>६. नसर्ने रोगको जनचेतनाको लागि छोटो भिडियो क्लिपहरू बनाउन र भिभिन्न सामाजिक सञ्जाल र संचार माध्यमबाट उचित प्रचारप्रसार गर्ने।<br>१. म रक्सी, चुरोट र सूर्तिजन्य पदार्थ खान्नँ।<br>२. म नियमित योग तथा व्यायाम गर्छु ।<br>३. म स्वस्थ र पोषिलो खाना खान्छु ।<br>४. म नियमित स्वास्थ्य परीक्षण गराउँछु ।<br>५. म मेरो परिवार र समुदायको स्वास्थ्य प्रति सजग रहन्छु ।<br>६. मेरो परिवारको स्वास्थ्य बीमा गराउँछु ।<br>७. म मेरो घर, आँगन र वातावरण सफा राख्छु ।<br>८. म ३० बर्ष माथिका महिलाहरुको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको |

<table>
<tr><td></td><td>परिक्षण गराउँछु।<br>९. म ट्राफिक नियम पालना गर्छु ।<br>७. कार्यक्रमको प्रचार-प्रसार विभिन्न सञ्चार माध्यमबाट गर्ने ।<br>८. बजेटको परिधिभित्र रही अधिकतम कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यालयको नाम</th><th>कार्यक्रम संख्या</th><th>रकम प्रति कार्यक्रम (रु. हजारमा)</th><th>जम्मा बजेट (रु. हजारमा)</th></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>५</td><td>३००</td><td>१५००</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>स्थानीय तह सरोकारवाला निकायहरूको समन्वयमा नसर्ने रोगहरूको बारेमा समुदायस्तरमा जनचेतना विस्तार भएको हुनेछ र स्वस्थ व्यवहार अबलम्वन भएको हुनेछ ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## २.९ समुदायमा आधारित स्वास्थ्य परीक्षण कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४५० | २२५२२ | जिल्लानुसार | पटक | ७१०० | प्रथम,दोश्रो,तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्थानीय तहको समन्वयमा नसर्ने रोगहरूको समयमै परीक्षण गरी रोगको शीघ्र पहिचान गर्ने र रोकथाम गरी न्यूनीकरण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहसँगको समन्वयमा समुदायस्तरमा नसर्ने रोगको पहिचानको लागि टोल विकास समिति,चाडबाड, मेला, दिवसहरु, औधोगिक क्षेत्र, सभासम्मेलन, विभिन्न व्यवसायिक संघसंगठनमा समेत स्क्रिनिङलगायतका कार्यक्रम तय गर्ने।<br>२. उक्त स्क्रिनिङ कार्यक्रममा शहरी क्षेत्रमा बसोबास गर्ने अव्यवस्थित बसाइ भएको क्षेत्र (slum area), विपन्न वर्गका समुदायलाई प्राथमिकतामा राखे। |

<table>
<tr>
<td></td>
<td>
३. नसर्ने रोगको मुख्य कारकहरूको बारेमा सोही स्क्रिनिङ कार्यक्रममा जानकारी गराई ३० वर्षभन्दा माथि उमेर समुहका सदस्यहरूको रगतमा चिनीको मात्रा, रक्तचाप, पिसाबमा Albumin को मात्रा, तौल, उचाई, आदि परीक्षण गर्ने। परिक्षण पश्चात सम्बन्धि सेवाग्राहीलाई जाँचको नतिजा पुर्जा उपलब्ध गराउने।<br>
४. स्क्रिनिङ कार्यक्रमको अभिलेख तथा प्रतिवेदनका लागि मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममा प्रयोग हुने रजिष्टर प्रयोग गर्ने। उक्त कार्यक्रममा उपलब्ध हुने तथ्याङ्कलाई Soft copy (Excel) तयार गरी स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्ने।<br>
५. परीक्षणबाट जोखिम देखिएका व्यक्तिहरूलाई सम्बन्धित अस्पतालहरूमा प्रेषण गर्ने।<br>
६. उक्त कार्यक्रममा सहभागीलाई तल उल्लेख भएका नौ प्रतिबद्धताहरूमा सङ्कल्प/प्रदर्शन गराउने :<br>
१. म रक्सी, चुरोट र सूर्तिजन्य पदार्थ खान्नँ।<br>
२. म नियमित योग तथा व्यायाम गर्छु ।<br>
३. म स्वस्थ र पोषिलो खाना खान्छु ।<br>
४. म नियमित स्वास्थ्य परीक्षण गराउँछु ।<br>
५. म मेरो परिवार र समुदायको स्वास्थ्य प्रति सजग रहन्छु ।<br>
६. मेरो परिवारको स्वास्थ्य बीमा गराउँछु ।<br>
७. म मेरो घर, आँगन र वातावरण सफा राख्छु ।<br>
८. म ३० बर्ष माथिका महिलाहरुको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको परिक्षण गराउँछु।<br>
९. म ट्राफिक नियम पालना गर्छु ।<br>
७. बुँदा नं ३ मा उल्लेखित भएका परिक्षणहरु बाहेक नसर्ने रोग स्क्रिनिङ कार्यक्रम अन्तर्गत आँखाको जाँच, पाठेघर मुखको स्क्रिनिङ, स्तन क्यान्सर स्क्रिनिङ समेत आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ। स्क्रिनिङ सञ्चालनका लागि प्रादेशिक अस्पतालहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने। परीक्षणबाट जोखिम देखिएका व्यक्तिहरूलाई सम्बन्धित अस्पतालहरूमा प्रेषण गर्ने ।<br>
८. स्क्रिनिङ शिविर कार्यक्रमहरूको प्रचार-प्रसार विभिन्न सञ्चार माध्यमबाट गर्ने ।
</td>
</tr>
<tr>
<td>कार्यान्वयन गर्ने निकाय</td>
<td>
<table>
<tr><td>क्र.सं.</td><td>कार्यालयको नाम</td><td>जम्मा बजेट (रु. हजारमा)</td></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>१०००</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>१०००</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>१५००</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>१०००</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>१५००</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>११००</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>अपेक्षित उपलब्धि</td>
<td>स्थानीय तहको समन्वयमा नसर्ने रोगहरूको समयमै परीक्षण गरी रोगको शीघ्र पहिचान गर्ने र</td>
</tr>
</table>

| | |
|---|---|
| | जटिलता न्यूनीकरण भएको हुनेछ । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.१० VIA तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.६.१.४२ | २२५११ | ५ | पटक | ५००० | दोश्रो |
| **शीर्षक** | | **विवरण** | | | |
| उद्देश्य | समयमा नै पाठेघरको मुखको क्यान्सरको पहिचान र उपचार गर्न सेवा प्रदायकहरूको ज्ञान, सीप र क्षमता विकास भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने। | | | | |
| सञ्चालन प्रक्रिया | १. तालिम सञ्चालनको कार्य योजना तयार गर्ने।<br>२. प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गर्ने ।<br>३. सहभागी छनौटको Standard Criteria निर्धारण गरी प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना सेवा प्रदायक सुनिश्चित हुने गरी छनौट गर्ने।<br>४. पहिला तालिम लिइसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाइनेछैन ।<br>५. विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पतालहरूको सूची तयार गरी तालिम सञ्चालनका लागि समन्वय गर्ने।<br>६. तालिमका लागि सहभागीलाई एक हप्ता अगाडि नै पत्राचार गर्ने र सहभागिताको सुनिश्चितता गर्ने।<br>७. बजेटको परिधिभित्र रही तालिम सञ्चालनका लागि आवश्यक सामग्री खरिद गर्न र तालिम अवधिका लागि विज्ञ प्रशिक्षक सेवा परामर्शमा लिन सकिनेछ।<br>८. तालिम सम्पन्न भएपश्चात प्रत्येक सहभागीहरूलाई आफ्नो कार्यक्षेत्रमा गई तत्काल सेवा शुरुवात गर्ने अवस्था सिर्जना गर्न कम्तीमा ५०० मि.लि एसिटिक एसिड र कम्तीमा दुईवटा डक्स स्प्याकुलम समेत दिई पठाउनुपर्नेछ।<br>९. सहभागीले तालिम पश्चात् आफू कार्यरत संस्थामा गई सेवा प्रदान गरेको यकिन गर्न आवश्यक चेकलिष्ट बनाई फलोअप अनुगमन गर्नुपर्नेछ र सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउने। | | | | |

<table>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td><table><tr><td>क्र.सं.</td><td>कार्यालयको नाम</td><td>जम्मा बजेट (रु. हजारमा)</td></tr><tr><td>१.</td><td>स्वास्थ्य तालिम केन्द्र</td><td>५०००</td></tr></table></td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>समयमा नै पाठेघरको मुखको क्यान्सरको पहिचान र उपचार गर्न सेवा प्रदायकको ज्ञान, सीप र क्षमता विकास भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## २.११ धुम्रपान मद्यपान विस्थापनका लागि युवा क्लबको परिचालन

<table>
<tr><th>PLMBIS Code</th><th>खर्च शीर्षक</th><th>लक्ष्य</th><th>इकाई</th><th>विनियोजित रकम (रु. हजारमा)</th><th>समयावधि (त्रैमासिक)</th></tr>
<tr><td>२.७.२२.१४५२</td><td>२२५२२</td><td>१२</td><td>पटक</td><td>२४००</td><td>दोश्रो, तेश्रो</td></tr>
<tr><th>शीर्षक</th><th></th><th colspan="4">विवरण</th></tr>
<tr><td>उद्देश्य</td><td colspan="5">१.धुम्रपान मद्यपान विस्थापनको लागि युवा क्लबको परिचालन गर्ने ।<br>२.समुदायमा धुम्रपान तथा मद्यपान गर्नेको सङ्ख्यामा कमी ल्याउने ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td colspan="5">१. जिल्ला/स्थानीय तहमा नियमानुसार दर्ता भएका युवा क्लबहरूको सूची तयार गर्ने।<br>२. सूची अनुसार युवा क्लबहरूको छनौट गर्ने।<br>३. छनौट भएका युवा क्लबहरूलाई धुम्रपान मद्यपानले गर्दा स्वास्थ्यमा पर्ने असर लगायतका बारेमा सचेत गराउन १ दिने अभिमुखीकरण सञ्चालन गर्ने।<br>४. अभिमुखिकरणको लागि स्वास्थ्य निर्देशनालयबाट प्राप्त presentation लाई सम्बन्धित जिल्ला र स्थानीय तहहरुको अवस्था, समस्यासहित प्रस्तुतिकरण तथा छलफल गर्ने।<br>५. अभिमुखीकरण पश्चात युवा क्लबहरूलाई सामुदायिक स्तरमा धुम्रपान मद्यपान विस्थापनका लागि कार्ययोजना तयार गरी परिचालन गर्ने।<br>६. क्लबलाई आवश्यक प्राविधिक तथा प्रशासनिक सहयोग प्रदान गर्ने।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td colspan="5"><table><tr><td>क्र.सं.</td><td>कार्यालयको नाम</td><td>परिमाण</td><td>जम्मा बजेट (रु. हजारमा)</td></tr><tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>२</td><td>४००</td></tr><tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>२</td><td>४००</td></tr><tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>२</td><td>४००</td></tr><tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>२</td><td>४००</td></tr><tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>२</td><td>४००</td></tr><tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>२</td><td>४००</td></tr></table></td></tr>
</table>

| | |
|---|---|
| अपेक्षित उपलब्धि | १.धुम्रपान मद्यपान विस्थापनको लागि युवा क्लबको परिचालन हुनेछ ।<br>२. समुदायमा धुम्रपान तथा मद्यपान गर्ने सङ्ख्यामा कमी आउनेछ । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.१२ मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४६२ | २२५२२ | जिल्लानुसार | पटक | १४४०० | प्रथम,दोश्रो,तेश्रो,चौथो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मानसिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने । |
| सञ्चालन प्रक्रिया | १. नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ अनुरूप हुने गरी जिल्ला स्तर तथा स्थानीय तहमा सञ्चालन गरिने क्रियकलापहरुलाई समन्वय तथा सहजीकरण गर्ने।<br>२. स्थानीय तहसँग समन्वय गरी जिल्लामा मानसिक स्वास्थ्य सम्बन्धि तथ्याङ्क विश्लेषण तथा समीक्षा कार्यक्रम सञ्चालन गर्ने। यसका साथै जिल्ला प्रहरी कार्यालय, महिला सेल तथा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय गरी मानसिक स्वास्थ्यको अवस्थाको क्षेत्र, उमेर, लिङ्ग, जाति, आदिको तथ्याङ्क विश्लेषण गर्ने (Epidemiological analysis)।<br>३. अनुसूची १ अनुसारको नसर्ने रोग तथा मानसिक रोग रोकथाम तथा न्यूनीकरणसम्बन्धि जिल्लास्तरीय समन्वय समितिको बैठकमा उल्लिखित तथ्याङ्कमा आधारित भएर जिल्लाभित्र मानसिक स्वास्थ्यको अवस्था विश्लेषण गरी मानसिक स्वास्थ्यका सवाल तथा समस्याहरू पहिचान गर्ने।<br>४. मानसिक स्वास्थ्य प्रवर्धन गर्न, मदिरा तथा लागु औषधको उत्पादन, विक्री वितरण, उपभोग लगायत मानसिक स्वास्थ्यका समस्याहरूलाई न्यूनीकरण गर्न तथा समस्याको पहिचान गरी व्यवस्थापन गर्नका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्न सरोकारवाला सङ्घसंस्था तथा स्थानीय तहहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>५. नसर्ने रोग र मानसिक समस्याको न्यूनीकरणका लागि नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ को अनुसूची-७ बमोजिम स्थानीय तहको समन्वय समिति गठन गर्न सहजीकरण गर्ने।<br>६. आधारभूत मानसिक स्वास्थ्य सेवा प्रवाहमा स्थानीय तहको भूमिका विषयमा स्थानीय तहका पदाधिकारी, शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख, विद्यालयका प्रधानाध्यापक, विद्यालय नर्स, |

<table>
<tr><td></td><td>स्थानीय प्रहरी प्रतिनिधि आदिको उपस्थितिमा Technically Validated Presentation Slides प्रयोग गरी अभिमुखीकरण तथा समीक्षा कार्यक्रम गर्ने।<br>७. विद्यालय नर्सलाई परिचालन गरी विद्यालय तथा समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>८. महिला सामुदायिक स्वयम् सेविकाहरूका लागि मानसिक स्वास्थ्यको मोडुल ४ अनुसारको तालिम तथा महिला स्वास्थ्य स्वयम् सेविकाका लागि निरन्तर क्षमता अभिवृद्धि सामाग्रीको खण्ड २ मोड्यूल १६ अनुसारको अभिमुखीकरण प्रदान गर्ने।<br>९. तालिम पश्चात मानसिक स्वास्थ्य प्रवर्धन, समुदायमा नै मानसिक स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान, स्वास्थ्य संस्थामा समयमा नै प्रेषणका लागि महिला सामुदायिक स्वयम् सेविकाहरूलाई परिचालन गर्ने।<br>१०.समुदायमा सञ्चालित जनस्वास्थ्यका अन्य सेवासँग सामुदायिक मानसिक सेवालाई एकीकृत गरी सञ्चालन गर्ने ।<br>११.जिल्लामा mH-GAP तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको सूची तयार गर्ने र अस्पताल र स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सेवा लिन आएका सेवाग्राहीहरूलाई सेवा प्रदान गर्न अनिवार्य रूपमा चिकित्सक र स्वास्थ्यकर्मीलाई परिपत्र गरी स्थानीय तहसँगको समन्वयमा परिचालन गर्ने।<br>१२.स्थानीयस्तर तथा जिल्लास्तरमा हुने आवधिक समीक्षामा परिमार्जित Integrated Health Information Management System (IHMIS) अनुसारको सामुदायिक मानसिक स्वास्थ्य सेवा प्रवाह सम्बन्धि अभिलेख तथा प्रतिवेदनको समीक्षा गर्ने ।<br>१३.जिल्लामा कार्यरत गैह्रसरकारी सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td><table>
<tr><th>क्र.सं.</th><th>कार्यालयको नाम</th><th>जम्मा बजेट (रु. हजारमा)</th></tr>
<tr><td>१.</td><td>जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक</td><td>२४००</td></tr>
<tr><td>२.</td><td>जनस्वास्थ्य कार्यालय मकवानपुर</td><td>२४००</td></tr>
<tr><td>३.</td><td>जनस्वास्थ्य कार्यालय चितवन</td><td>२४००</td></tr>
<tr><td>४.</td><td>जनस्वास्थ्य कार्यालय ललितपुर</td><td>२४००</td></tr>
<tr><td>५.</td><td>जनस्वास्थ्य कार्यालय काठमाडौं</td><td>२४००</td></tr>
<tr><td>६.</td><td>जनस्वास्थ्य कार्यालय भक्तपुर</td><td>२४००</td></tr>
</table></td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>स्वास्थ्यकर्मीहरु मानसिक स्वास्थ्य समस्या पहिचान गरी सेवा प्रदान गर्न सक्षम हुनेछन्।</td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ।</td></tr>
</table>

## २.१३ व्यवहार परिवर्तन सञ्चार

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४५१ | २२५२२ | १२ | पटक | २३०० | प्रथम |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य प्रवर्द्धन सम्बन्धी व्यवहार परिवर्तन सञ्चार मार्फत आम सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने। |
| सञ्चालन प्रक्रिया | १. लक्षित समुदाय र मुख्य सन्देश निर्धारण गरी यससँग सम्बन्धित समितिमा छलफल गरी उपयुक्त methods, media छनौट गर्न सकिनेछ।<br>२. स्वास्थ्य प्रवर्द्धन सम्बन्धी व्यवहार परिवर्तन सञ्चारका लागि लक्षित समुदायसम्म पुग्ने व्यवहार परिवर्तन सञ्चार माध्यमका सामाग्रीहरू (जस्तै : पोस्टर, पम्प्लेट, लीफ्लेट, इन्फोग्राफिक, आदि) छनौट गर्ने र सो कार्यका लागि आवश्यक सन्देश विकास गर्ने।<br>३. सन्देश समप्रेषण गर्दा लक्षित समुदायले अन्तरक्रिया र पृष्ठपोषण पाउनसक्ने गरी व्यवहार परिवर्तन संचार कार्यक्रम संचालन/ उत्पादन/प्रसारण गर्ने।<br>४. नसर्ने रोगहरूको सन्देशमूलक चित्रण गर्ने फ्लेक्स तथा होर्डिङ बोर्डहरू स्थानीय तहसँग समन्वय गरी सार्वजनिक स्थल जस्तै मुख्य व्यापारिक केन्द्र, फलफूल तथा तरकारी बजार आदि स्थानहरूमा राखे।<br>५. राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट पहिले नै छपाइ भएका सामाग्रीहरू समेत सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिनेछ।<br>६. मन्त्रालयबाट प्राप्त हुने सोसँग सम्बन्धित सन्देश समेत प्रसारण गर्न सकिनेछ।<br>७. दुरसंचारसँग समन्वय गरी नसर्ने रोगहरुको जोखिम तथा न्यूनीकरणका उपायहरु समेटेर कलर ट्युनको माध्यमबाट सूचना प्रवाह गर्ने।<br>८. अनलाईन पत्रपत्रिका मार्फत नसर्ने रोगको बारेमा जनचेतनामूलक सामाग्रीहरू प्रकाशन गर्ने।<br>९. बजेटको परिधिभित्र रही प्रचलित नियम अनुसार कार्यहरु गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |
| अपेक्षित उपलब्धि | स्वास्थ्य प्रवर्द्धन सम्बन्धी व्यवहार परिवर्तन सञ्चार मार्फत आम सर्वसाधारणमा नसर्ने रोगको बारेमा चेतना अभिवृद्धि हुनेछ। |

कार्यान्वयन गर्ने निकाय:

| क्र.सं. | कार्यालयको नाम | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ३७५ |
| २. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ४०० |
| ३. | जनस्वास्थ्य कार्यालय चितवन | ४०० |
| ४. | जनस्वास्थ्य कार्यालय ललितपुर | ३७५ |
| ५. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ३७५ |
| ६. | जनस्वास्थ्य कार्यालय भक्तपुर | ३७५ |

| | |
|---|---|
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.१४ मानसिक रोग र नसर्ने रोगको अध्ययन अनुसन्धान

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१४४२ | २२५२२ | १ | पटक | ७०० | तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | बागमती प्रदेशमा मानसिक रोग तथा नसर्ने रोग सम्बन्धी अध्ययन अनुसन्धान गरी समस्याहरुको पहिचान गर्ने । |
| सञ्चालन प्रक्रिया | १. अध्ययन, अन्वेषण तथा अनुसन्धान कार्य सञ्चालन गर्ने नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, त्रि.वि, काठमाण्डौ विश्वविद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्ता संस्था र चिकित्सा शिक्षा विधाको अध्यापनमा आबद्ध व्यक्तिहरूसँगको साझेदारीमा कार्य सञ्चालन गर्न सकिनेछ।<br>२. अध्ययनका लागि कार्यसूची तयार गरी माथि उल्लेखित निकाय/व्यक्तिहरूसँग सम्झौता गरी अध्ययन गर्न सकिनेछ।<br>३. अनुसन्धान, अध्ययन तथा अन्वेषणका लागि प्रस्ताव माग गरी सङ्कलन, छनौट र मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्ने।<br>४. छनौट भएको संस्था/व्यक्तिमार्फत अध्ययन अनुसन्धानको कार्य अघि बढाउने ।<br>५. सम्बन्धित संस्था/व्यक्तिले अध्ययन प्रतिवेदन पेश गर्ने ।<br>६. उल्लेखित निकाय/व्यक्तिले गरेको अनुसन्धानको नतिजा प्रकाशन तथा सार्वजनिकीकरण गर्नका लागि सरोकारवालाहरूसँग गोष्ठी समेत गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने निकाय | क्र.स. / कार्यालयको नाम / जम्मा बजेट (रु. हजारमा)<br>१. / स्वास्थ्य निर्देशनालय / ७०० |
| अपेक्षित उपलब्धि | मानसिक रोग तथा नसर्ने रोग सम्बन्धी अध्ययन अनुसन्धानबाट प्राप्त तथ्यलाई आधार बनाई योजना तर्जुमा गर्न सहयोग पुग्ने । |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयले कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.१५ योग/व्यायाम सम्बन्धी कक्षा सञ्चालन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१५४५ | २२५२२ | २४ | पटक | २४०० | प्रथम,दोश्रो,तेश्रो,चौथो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | योग/व्यायाम मार्फत नसर्ने रोग तथा मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने। |
| सञ्चालन प्रक्रिया | १. नसर्ने रोग तथा मानसिक स्वास्थ्य प्रवर्द्धनको लागि योग/व्यायाम सम्बन्धि कक्षा सञ्चालनको लागि जिल्लामा अवस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, योग सम्बन्धि विज्ञता भएका संघसंस्था व्यक्तिको समन्वय र प्राविधिक सहयोग लिने ।<br>२. जिल्लामा अवस्थित सरकारी सेवा प्रदान गरीरहेका कार्यालयहरुको सुची तयार गर्ने ।<br>३. सोहि सुची अनुसार क्रमशः योग/व्यायाम सम्बन्धि कक्षा सञ्चालन गर्ने ।<br>४. योग/व्यायाम सम्बन्धि कक्षा जिल्लास्थित कार्यालय तथा स्थानीय तहमा पनि सञ्चालन गर्ने ।<br>५. योग/व्यायाम सम्बन्धि कक्षा सञ्चालन गर्दा उचित स्थान र सहज स्थलको चयन गर्ने ।<br>६. बजेटको परिधिभित्र रहि सो कक्षामा विद्यालयका शिक्षक/शिक्षिकाहरूलाई पनि समावेश गर्न सकिनेछ ।<br>७. यस शीर्षकबाट सहभागीहरूलाई कुनै पनि किसिमका भत्ता उपलब्ध गराउन पाइने छैन ।<br>८. बजेटको परिधिभित्र रही प्रचलित नियम अनुसार प्राशिक्षकको समेत व्यवस्था गर्न सकिनेछ ।<br>९. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र जनस्वास्थ्य कार्यालयको सहकार्यमा कुनै लक्षित समूह पहिचान भएमा निर्णयको आधारमा बजेटको परिधिभित्र रहि योग/व्यायाम सम्बन्धि कक्षा सञ्चालन गर्न सकिनेछ।<br>१०. कक्षा सञ्चालन पश्चात प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।<br>बजेट उपलब्धताका आधारमा अधिकतम सङख्यामा कार्यक्रम संचालन गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने निकाय | (तलको तालिका हेर्नुहोस्) |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। |

कार्यान्वयन गर्ने निकाय:

| क्र.सं. | कार्यालयको नाम | लक्ष्य | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १. | जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक | ४ | ४०० |
| २. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ४ | ४०० |
| ३. | जनस्वास्थ्य कार्यालय चितवन | ४ | ४०० |
| ४. | जनस्वास्थ्य कार्यालय ललितपुर | ४ | ४०० |
| ५. | जनस्वास्थ्य कार्यालय काठमाडौं | ४ | ४०० |
| ६. | जनस्वास्थ्य कार्यालय भक्तपुर | ४ | ४०० |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | योग/व्यायाम मार्फत नसर्ने रोग तथा मानसिक स्वास्थ्य प्रवर्द्धन प्रवर्द्धन भएको हुनेछ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। |

## २.१६ नसर्ने रोगको समयमै परिक्षण कार्यक्रमः औजार उपकरण सहितको मेडिकल भ्यान खरिद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ११.३.२.११ | ३११२१ | १ | वटा | ८००० | प्रथम |
| **शीर्षक** | **विवरण** | | | | |
| उद्देश्य | नसर्ने रोगको समयमा नै परिक्षण गर्न सहजिकरणको लागि औजार उपकरण सहितको मेडिकल भ्यान खरिद गर्ने । | | | | |
| सञ्चालन प्रक्रिया | १. नसर्ने रोगको उचित समयमै परिक्षण गर्न सहजिकरणको लागि औजार उपकरण सहितको मेडिकल भ्यान खरिद गर्नको लागि खरिद कार्ययोजना बनाउने।<br>२. स्पेसीफिकेसन तयार गर्ने।<br>३. स्पेसीफिकेसन बमोजिम खरिद गर्नुपर्ने मेडिकल भ्यानको लागत अनुमान तयार गर्ने।<br>४. लागत अनुमान बमोजिम सार्वजनिक खरिद नियमावली अनुसार खरिद गर्ने।<br>५. खरिद गरिएको औजार उपकरण सहितको मेडिकल भ्यानको उचित प्रयोगको सुनिश्चित गर्ने। | | | | |
| कार्यान्वयन गर्ने निकाय | क्र.स. \| कार्यालयको नाम \| जम्मा बजेट (रु. हजारमा)<br>१. \| स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र \| ८००० | | | | |
| अपेक्षित उपलब्धि | नसर्ने रोगको समयमा परिक्षण भई नसर्ने रोगहरुको भार कम हुनेछ। | | | | |
| बजेट बाँडफाँट | नेपाल/ प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रहि खर्च योजना तयार गरि अग्रिम स्वीकृत गराई गर्नुपर्नेछ। | | | | |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयले कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्नेछ। | | | | |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालय/निर्देशनालयमा पठाउनुपर्नेछ। | | | | |

## अनुसूची-१ः नसर्ने रोग रोकथाम र न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्धन सम्बन्धी जिल्लास्तरीय समन्वय समिति

संयोजकः प्रमुख, जिल्ला समन्वय समिति
सदस्यः प्रमुख/उपप्रमुख, सबै स्थानीय तह
सदस्यः प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय
सदस्यः जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय
सदस्यः प्रमुख, जिल्ला प्रहरी कार्यालय
सदस्यः प्रमुख, प्रादेशिक अस्पताल
सदस्यः मानसिक रोज विशेषज्ञ
सदस्यः कन्सल्टेन्ट फिजिसियन
सदस्यः प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
सदस्यः प्रतिनिधि, नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवामा क्रियाशील सङ्घसंस्था
सदस्यः अध्यक्ष, जिल्ला पत्रकार महासंघ
सदस्य-सचिवः प्रमुख, जनस्वास्थ्य कार्यालय

समितिको जिम्मेवारी निम्नअनुसार हुनेछन्ः

१. जिल्लास्तरमा नसर्ने रोग र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारीलगायतका निकायहरूलाई मार्गदर्शन प्रदान गर्ने।

२. जिल्लामा रहेको नसर्ने रोग र मानसिक स्वास्थ्यको अवस्था विश्लेषण गरी रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि कार्ययोजना तयार गर्ने।

३. नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ ले अवलम्बन गरेको लक्ष्य, उद्देश्य, परिलक्ष्य, सिद्धान्त, विधिहरू, रणनीतिक कार्यक्षेत्रहरू तथा कार्ययोजनाहरू कार्यान्वयनको सहजीकरण गर्ने।